USAID
अमेरिकी जनताबाट

NDI
NATIONAL DEMOCRATIC INSTITUTE
FOR INTERNATIONAL AFFAIRS

# नीति समीक्षा
# POLICY REVIEW

सातौं संस्करण, असार २०७८

# Dalit Political Representation
# राजनीतिमा दलित प्रतिनिधित्व




राजनीतिक दलमा दलित नेतृत्व : सिद्धान्त र व्यवहारबीचको अन्तद्वन्द्व

राजनीतिमा दलित समुदायलाई आरक्षण

स्थानीय तहमा दलित महिलाको प्रतिनिधित्व : उपलब्धी र चुनौती

राजनीतिमा मधेसी दलितको प्रतिनिधित्व

राजनीतिक पार्टीमा दलित : बहिस्करणको निरन्तरता



# Dalit Political Representation

# राजनीतिमा दलित प्रतिनिधित्व

# Disclaimer

NDI is a non-profit, nonpartisan, nongovernmental organization that has supported democratic institutions and practices in every region of the world for more than two decades. Since its founding in 1983, NDI and its local partners have worked to establish and strengthen political and civic organizations, safeguard elections and promote citizen participation, openness and accountability in government.

© **Copyright**– National Democratic Institute for International Affairs 2022.

All rights reserved. Portions of this work may be reproduced and or translated for non-commercial purposes provided NDI is acknowledged as the source of the material and is sent copies of any translation.

This publication is made possible by the support of the American people through the United States Agency for International Development (USAID) under Award No. AID-367-LA-17-00001. The opinions expressed herein are those of the author(s) and do not necessarily reflect the views of USAID or the United States Government.

**Address:**
National Democratic Institute for International Affairs (NDI) Nepal
Continental Center, 4th Floor, Uttar Dhoka Sadak, Gairidhara-2,
Kathmandu, Nepal
G.P.O. 8975, E.P.C. 4129
Tel: (+977) (1) 4442079, Fax: (+977) (1) 4442079
email: pgurung@ndi.org



# द्रष्टव्य

नेशनल डेमोक्रेटिक इन्स्टिच्यूट (एनडिआई) एउटा मुनाफारहित र निष्पक्ष गैरसरकारी संस्था हो । यो संस्थाले बिगत दुई दशकभन्दा लामो समयदेखि विश्वभरका लोकतान्त्रिक संस्था र अभ्यासलाई सहयोग गर्दै आइरहेको छ । सन् १९९३ मा स्थापना भएदेखि नै एनडिआई र यसका स्थानीय साझेदारहरूले राजनीतिक र नागरिक संस्थाको स्थापना र सबलीकरण, चुनावी प्रक्रियाको संरक्षण र सरकारमा नागरिक सहभागिताका साथै खुलापन र जवाफदेहीता बृद्धिका लागि काम गर्दै आइरहेको छ ।

© **प्रतिलिपि अधिकार-** सबै अधिकारहरू नेशनल डेमोक्रेटिक इन्स्टिच्यूट फर ईन्टरनेशनल अफेयर्स २०२२ मा सुरक्षित रहेका छन् ।

यस प्रकाशनका केही अंशहरू पुनः उत्पादन गर्न वा गैर–नाफामुलक उद्देश्यका लागि अनुवाद गर्न सकिनेछ । तर यसका लागि एनडिआईलाई यसको स्रोतका रूपमा उल्लेख गरी अनुवादको प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ ।

अमेरीकी जनताको उदार सहायताबाट अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अवार्ड नम्बर एआइडी–३६७–LA–१७–००००१ अन्तर्गत यस प्रकाशन सम्भव भएको हो । यहाँ व्यक्त गरिएका विचारहरू लेखकका निजी हुन् र तिनले युएसएआइडी र अमेरिकी सरकारको विचार प्रतिविम्बित गर्छन् भन्ने जरूरी छैन ।

**ठेगाना**
नेशनल डेमोक्रेटिक इन्स्टिच्यूट फर ईन्टरनेशनल अफेयर्स (एनडिआई) नेपाल
कन्टिनेन्टल सेन्टर, चौथो तल्ला, उत्तरढोका सडक, गैरीधारा–२,
काठमाडौं, नेपाल
जि.पि.ओ. ८९७५, इ.पि.सि. ४१२९
सम्पर्क नम्बरः (+९७७) (१) ४४४२०७९, फ्यासः (+९७७) (१) ४४४२०७९
इमेलः pgurung@ndi.org

# Foreword

Namaste.

Following the recent publication of the sixth edition, I am delighted to share with you the seventh and final edition of the Policy Review – the latest publication from the National Democratic Institute (NDI) Nepal. The Policy Review series is an initiative of the five-year USAID funded Niti Sambad ('Policy Dialogue') project. Niti Sambad contributes to USAID/Nepal's goal of helping to advance a more democratic and resilient Nepal by helping to support democratic institutions and by strengthening political inclusion.

Through this Policy Review series, NDI Nepal has aimed to make policy analysis more publicly accessible, thereby strengthening even further the democratic linkages between citizens and elected political party representatives. The overall aim is to examine how policies relating to key issues affecting citizens are being, and need to be addressed, by policy makers at all levels of government. This final edition covers the key topic of Dalit political representation.

Certainly, the Dalit community has long suffered from caste-based discrimination and untouchability, which has largely been entrenched by a hierarchal caste-based system. While the move to democracy has taken hold over the last 75 years, important issues related to the challenges faced by this community still remain.

However, in establishing and consolidating Nepal as a fully-fledged democracy, the safeguards and rights of all its citizens need to be fully protected, both in law and in terms of implementation. When political parties are unable to effectively engage with different marginalized groups, such as Dalits, disregarding their contributions to political reform only serves to further undermine the key tenets of accountability, equality and justice within a democratic system. By bringing Dalits more fully into the political process, Dalit representatives will be able to speak and act on behalf of their community, thereby creating a cycle of trust, involvement and policies most need by this community.

# प्रस्तावना

नमस्ते ।

नेशनल डेमोक्रेटिक इन्स्टिच्युट (एनडीआई)को छैठौं नीति समीक्षाको प्रकाशनपछि सातौं तथा अन्तिम संस्करणको रूपमा रूपमा यो नीति समीक्षा प्रकाशनमा ल्याउन पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ । यो नीति समीक्षा युएसएडको आर्थिक सहयोगमा सञ्चालित पँचवर्षे नीति सम्वाद परियोजनाको प्रयत्नमा प्रकाशन भएको हो । यो नीति-समीक्षा युएसएआईडीको आर्थिक सहयोगमा सञ्चालित पाँचवर्षे नीति-संवाद परियाजनाको एउटा प्रकाशन हो । नीति-संवाद परियोजनाले लोकतान्तिक संस्थाहरूलाई सहयोग उपलब्ध गराउने र राजनीतिक समावेशीकरणलाई थप सुदृढ बनाउँदै बलियो लोकतान्त्रिक नेपाल निर्माणमा सहयोग पुऱ्याउने युएसएआईडी नेपालको उद्देश्य प्राप्तिका लागि योगदान पुऱ्याउँछ ।

एनडीआइ नेपालले यो नीति समीक्षाको श्रृङ्खलामार्फत नीतिसम्बन्धी विश्लेषणलाई सार्वजनिकरूपमा सबैको पहुँचमा पुऱ्याउने र नागरिक र निर्वाचित राजनीतिक दलका प्रतिनिधिबीचको लोकतान्त्रिक सम्बन्धलाई थप बलियो बनाउने लक्ष्य लिएको छ । यो समीक्षाको समग्र उद्देश्य नागरिकलाई प्रभाव पार्ने मुलभूत विषयसँग सम्बन्धित नीतिहरू कसरी बनाइन्छन् र ती सवाललाई सरकारका सबै तहका नीति निर्माताले कसरी सम्बोधन गरिरहेका छन् भनेर केलाउनु पनि हो । नीति-समीक्षाको यो अन्तिम संस्करणमा दलित राजनीतिक प्रतिनिधित्वजस्तो महत्पूर्ण सवाल समेटेको छ ।

निश्चितरूपमा दलित समुदाय लामो समयदेखि जातका आधारमा हुने विभेद र छुवाछूतबाट प्रताडित छन्, जुन मूलतः तहगत संरचनामा आधारित जातव्यवस्थासँग सम्बन्धित समस्या हो । नेपालले लोकतन्त्र प्राप्ति यात्रा सुरु गरेको करिब ७५ वर्ष भइसक्यो तर, यो समुदायले सामना गरिरहनु परेका चुनौतीको अझैं अन्त्य हुन सकेको छैन ।

नेपालमा पूर्णरूपको लोकतान्त्रिक व्यवस्थाको स्थापित गर्न र लोकतन्त्रलाई थप सुदृढीकरण गर्नका लागि नागरिकको सुरक्षा र अधिकार कानुनीरूपमै सुनिश्चत गरिनुपर्छ । यसका साथै ती कानुन व्यवस्थाको प्रभावकारी कार्यान्वयन पनि हुनुपर्छ । राजनीतिक दलहरू जबसम्म दलितलगायत सिमान्तीकृत समुदायका सवालमा प्रभावकारी रूपमा जोडिँदैनन् वा राजनीतिक रूपान्तरणका लागि यो समुदायले पुऱ्याएको योगदानको अवमूल्यन हुन्छ, तबसम्म लोकतान्त्रिक प्रणालीभित्रको जवाफदेहीता, समानता र न्यायजस्ता सैद्धान्तिक मान्यता कमजोर हुन पुग्छन् । दलितलाई पूर्णरूपमा राजनीतिक प्रक्रियामा समावेश गराएको खण्डमा मात्रै दलित समुदायका प्रतिनिधिले आफ्नो समुदायको आवाज बुलन्द पार्ने र काम गर्ने वातावरण बन्न सक्छ । त्यसैले यस्तो वातावरण निर्माणका लागि दलितको विश्वास जित्ने र राजनीतिक संलग्नता बृद्धि गर्ने किसिमका नीति निर्माण गर्न जरूरी छ ।

Finally, in hoping that you will enjoy reading this publication, can I take this opportunity to thank you for your feedback, which has always been greatly appreciated.

With kind regards,

**Deborah Healy**
**Senior Country Director**
**NDI Nepal**

अन्त्यमा, तपाईंले यो प्रकाशन अध्ययन गरेर आनन्द लिनु हुनेछ भन्ने मलाई विश्वास लागेको छ । यी प्रकाशन श्रृङ्खलाप्रति तपाईंको रुची र प्रतिक्रिया अत्यन्तै प्रशंसनीय रहेका छन्, यो अवसरमा म तपाईंहरूलाई सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद !

डेब्राह हीलि
वरिष्ठ आवाशीय निर्देशक
एनडीआई नेपाल

# List of Contributors

### Parshuram Ramtel

Parshuram Ramtel is a central committee member of the Communist Party of Nepal-Maoist Centre (CPN-MC). He was a member of the Interim Parliament in 2007 and was elected as a member of the Constituent Assembly in 2008. He has also served as the General Secretary of the Dalit Front of Nepal, a position he was elected to on three occasions. He frequently writes articles on Dalit issues in the national media.

### Meen Bishwakarma

Meen Bishwakarma is a member of the House of Representatives and a member of the Nepali Congress (NC) central committee. He was Minister for Commerce from July 2017 to February 2018. He has also served as a member of the CA and the Interim Constitution Drafting Committee in 2013. He has also led the Nepal Dalit Association, a sister organization of the NC, from 2013 to 2021.

### Gaura Nepali

Gaura Nepali is the founding President and current General Secretary of the Center for Dalit Women Nepal, an organization established by a group of Dalit women social activists in 2016. For over two decades, she has worked to promote the rights of Dalit, women, and marginalized communities, and advocates for equitable, inclusive, and accountable governance.

### Sona Khatik

Sona Khatik is a radio journalist and the first Madhesi Dalit women in Nepal to assume the position of a radio station manager. Previously, she worked for Radio Kapilvastu for six years and since then, has campaigned publicly for the rights of Dalits and women. She has published articles widely in different media outlets.

### Sushil BK

Sushil BK is an activist, researcher, and writer. For the last 20 years, he has advocated on issues to do with social justice and social inclusion, Dalit rights, and gender. He has served as Deputy General Secretary of Nepal Intellectuals Council, Vice-chair of the Dalit NGO Federation of Nepal, Secretary of the Global Forum Against Caste-Based Discrimination and Chairperson of Dalit Human Rights Organization. He frequently writes on Dalit issues in the national media.



# लेखकहरू

### परशुराम रम्तेल

परशुराम रम्तेल नेकपा (माओवादी-केन्द्र)का केन्द्रिय सदस्य हुनुहुन्छ । २०६३ मा अन्तरिम व्यवस्थापिका-संसदको सदस्य रहनु भएको रम्तेल २०६४ को पहिलो संविधानसभा सभासद् हुनुहुन्थ्यो । यसैगरी उहाँले तीन कार्यकालसम्म माओवादी-केन्द्रको भातृसंगठन नेपाल दलित मुक्ति मोर्चा, नेपालको महासचिवको पनि भूमिका निर्वाह गर्नु भएको थियो । राष्ट्रिय मिडियामा उहाँका दलित सवालमा केन्द्रित लेखहरू नियमितरूपमा प्रकाशित हुने गरेका छन् ।

### मीन विश्वकर्मा

मीन विश्वकर्मा संघीय प्रतिनिधिसभाको सदस्यका साथै नेपाली कांग्रेस पार्टीको केन्द्रिय समिति सदस्य हुनुहुन्छ । उहाँले २०७४ साउन ११ देखि फागुन २ गतेसम्म नेपाल सरकारको वाणिज्य मन्त्रीको जिम्मेवारी सम्हाल्नु भएको थियो । दोस्रो संविधानसभाको सदस्य विश्वकर्मा अन्तरिम संविधान मस्यौदा समितिको सदस्य पनि हुनुहुन्थ्यो । २०६९ देखि २०७८ सम्म उहाँले नेपाली कांग्रेसको भातृ संगठन नेपाल दलित संघको अध्यक्षको भूमिका रहेर नेतृत्व गर्नु भएको थियो ।

### गौरा नेपाली

गौरा नेपाली दलित महिला अधिकारका क्षेत्रमा क्रियाशील अधिकारकर्मीहरूले सन् २०१६ मा स्थापना गरेको संस्था दलित महिला केन्द्र, नेपालको संस्थापक अध्यक्ष हुनुहुन्छ । हाल उक्त संस्थाको महासचिवको भूमिकामा रहनु भएकी गौरा दलित, महिला र सिमान्तीकृत समुदायको अधिकार स्थापिन गर्न निरन्तररूपमा क्रियाशील हुनुहुन्छ । उहाँले बिगत दुईदशकदेखि समतामुलक, समावेशी र जवाफदेही शासन व्यवस्थाको पक्षमा वकालत गर्दै आइरहनु भएको छ ।

### सोना खटिक

सोना खटिक रेडियो पत्रकार हुनुहुन्छ । कपिलवस्तुस्थित रेडियो कपिलवस्तुको रेडियोको स्टेशन म्यानेजरका रूपमा छवर्ष काम गरेकी सोना पहिलो मधेसी दलित महिला स्टेशन म्यानेजर हुनुहुन्छ । अहिले दलित र महिलाको अधिकारका क्षेत्रमा क्रियाशील उहाँका यिनै विषयसँग सम्बन्धित लेख विभिन्न सञ्चारमाध्यममा प्रकाशित भएका छन् ।

### सुशिल विके

सुशिल विके अधिकारकर्मी, अध्येता र लेखक हुनुहुन्छ । उहाँ बिगत दुईदशकदेखि सामाजिक न्याय, सामाजिक समावेशीकरण, दलित र महिला अधिकारको पक्षमा वकालत गर्दै आउनु भएको छ । नेपल बुद्धिजीवी परिषद्को उप-महासचिव, दलित गैरसरकारी संस्था महासंघको उपाध्यक्ष, जातीय विभेद विरूद्ध ग्लोबल फोरमको सचिवका साथै दलित मानवअधिकार संगठनको अध्यक्ष विकेका दलित अधिकारसम्बन्धी विभिन्न लेखहरु राष्ट्रिय सञ्चारमाध्यममा प्रकाशित हुने गरेका छन् ।

# Contents


14 | Dalit Leadership in Political Parties: Contradiction between Principle and Practice
– Parshuram Ramtel

24 | Political Reservations for the Dalit Community
– Meen Bishwakarma

34 | The Representation of Dalit Women at the Local Level: Achievements and Challenges
– Gaura Nepali

42 | Madheshi Dalit's Representation in Politics
– Sona Khatik

52 | The Continuous Exclusion of Dalits in Political Parties
– Sushil BK


# विषयवस्तु


१५ | राजनीतिक दलमा दलित नेतृत्व : सिद्धान्त र व्यवहाबीचको अन्तद्वन्द्व
– परशुराम रम्तेल

२५ | राजनीतिमा दलित समुदायलाई आरक्षण
– मीन विश्वकर्मा

३५ | स्थानीय तहमा दलित महिलाको प्रतिनिधित्व : उपलब्धी र चुनौती
– गौरा नेपाली

४३ | राजनीतिमा मधेसी दलितको प्रतिनिधित्व
– सोना खटिक

५३ | राजनीतिक पार्टीमा दलित : बहिस्करणको निरन्तरता
– सुशिल विके

# Dalit Leadership in Political Parties: Contradiction between Principle and Practice

■ Parshuram Ramtel

## Introduction

For over 3,500 years, Dalit community in the region has faced widespread caste-based discrimination and untouchability, which has forced them to live below the poverty line. In particular, such discriminatory practices has led to their exclusion from the spheres of the state and political parties. Yet despite this, over the past 75 years, Dalit groups have come together to organize movements to campaign for their rights. Through their respective political parties also, Dalit community has contributed to the transformation of Nepali democracy. However, this community is rarely ever politically represented and has scant influence either in political parties or the structures of the state. So, while their right to proportional representation was theoretically ensured in the Constitution, the main parties still appear unwilling to include them in their decision-making structures at a senior level. Therefore, it is important to assess the progress made by parties in ensuring Dalit rights.

## The political exclusion of Dalits

The Varna system provided both the Brahmin and Chhetri communities with the right to effectively run the state, formulate policies and oversee the state administration with different marginalized groups effectively excluded from political positions and tasked only with often menial labor roles. This division of power relations was and still remains discriminatory with the consequence that Dalits are largely politically excluded from all political and administrative positions. Such a situation has ensured that the state has not formulated the relevant legislation, policies, regulations and programs to address the fundamental needs of the Dalit community. Although political parties have accepted the principle of there being an inclusive democracy, they have not been able to implement this principle in practice.







# राजनीतिक दलमा दलित नेतृत्व : सिद्धान्त र व्यवहारबीचको अन्तद्वन्द्व

■ परशुराम रम्तेल

## पृष्ठभूमि

विशेषगरी दक्षिण एशियाली समाजमा दलित समुदायमाथि बिगत ३५ सय वर्षदेखि राजनीतिक बहिस्करण हुँदै आएको छ । राज्यले नियोजितरूपमा उत्पादनका स्रोतबाट बञ्चितीकरण र शोषणमुलक श्रम-सम्बन्धका कारण दलित समुदाय आर्थिकरूपमा निकै कमजोर छन् अर्थात गरिबीको रेखामुनी बाँच्न विवश छन् । अर्कोतिर दलितमाथि सामाजिक-सांस्कृतिक र धार्मिकरूपमा छुवाछूत-भेदभाव समेत हुँदै आइरहेको छ । यस्तो विभेदकारी व्यवस्थाकै कारण दलित समुदाय राज्य र राजनीतिक दलबाट पनि निरन्तर बहिस्करणमा पारिँदै आएका छन् । नेपालमा बिगत ७५ वर्षदेखि दलितले संगठिनरूपमा अधिकारका लागि आन्दोलन गरिरहेका छन् । उनीहरूले विभिन्न राजनीतिक दलमा आबद्ध भएर राजनीतिक व्यवस्था परिवर्तनको आन्दोलनमा योगदान र बलिदानी गरेका छन् । तर, राजनीतिक व्यवस्था परिवर्तन भए पनि दलित समुदाय राजनीतिक दल वा राज्य संयन्त्रको निर्णायक स्थानमा पुग्न सकेका छैनन् । उनीहरूको राजनीतिमा अर्थपूर्ण र प्रभावकारी प्रतिनिधित्व हुन सकेको छैन । हुन त नयाँ संविधानले सैद्धान्तिकरूपमा दलितको समानुपातिक प्रतिनिधित्वलाई स्वीकार गरेको छ । यद्यपि, नेपालका प्रमुख राजनीतिक पार्टीहरू पार्टीको निर्णायक तहमा दलितको अर्थपूर्ण प्रतिनिधित्व गराउन तयार देखिँदैनन् । यसैगरी राज्यका नीति-निर्माण गर्ने थलोमा पनि दलितको प्रभावकारी प्रतिनिधित्व गराउने तर्फ राजनीतिक पार्टीले खासै भूमिका खेल्न सकेका छैनन् । त्यसैले दलित अधिकार सुनिश्चितताका लागि राजनीतिक पार्टीले खेलेको भूमिकाको समीक्षा गर्न आवश्यक छ । यो लेखमा संक्षिप्तमा चर्चा गरिएको छ :

## दलितमाथि राजनीतिक बहिस्करण

वर्णव्यवस्थाले समाजका निश्चित जातले मात्रै राज्य सञ्चालन गर्न पाउने नियम बनाएको थियो । विशेषगरी वर्णव्यवस्थाका आधारमा राज्यको नीति निर्माण गर्ने र प्रशासन चलाउने काम ब्राम्हण र क्षेत्रीलाई मात्रै दिएको थियो । सेवामूलक काम र श्रम गर्नु पर्ने जिम्मा भने सिमान्तीकृत समुदायलाई छुट्याइएको थियो । वर्णाश्रम व्यवस्थाले जसरी शक्तिको वितरण विभेदकारी ढङ्गबाट गरेको थियो, आधुनिक राजनीतिक व्यवस्थाले पनि त्यसैलाई निरन्तरता दिइरहेको छ । यसैको परिणामस्वरूप आधुनिक लोकतन्त्रिक व्यवस्थामा पनि दलित समुदाय राजनीतिकरूपमा बहिस्करणमा पारिँदै आएको छ । दलितमाथि ऐतिहासिकरूपमा भएको यस्तो

Therefore, the Dalit community remains excluded from the democratic system while the historical feudal relationship to production has forced them to continue living below the poverty line. They have also been forcefully subjected to be treated as 'untouchables', which has been established as a societal norm. That is why it is important to develop and implement policies to end all forms of discrimination against this community by introducing the principle of proportional representation in the formulation and delivery of policy and election of leaders within political parties and the state. Without such interventions, caste-based discrimination will remain with the goal of an egalitarian society still remaining a far distant dream.

## The role of Dalit political movements

In 1998, the National Dalit Peoples Development Council of Nepal (Nepal Rastriya Dalit Janabikas Parisad) demanded reservations in all of the political and administrative sectors of the state - the first time that such a demand had collectively been made. Following the first People's Movement in 1990, Dalits began to raise further demands to end discriminatory practices as well as look to increase their level of political representation. As a result, along with the freedom to establish new political parties, the formation of Dalit political wings also increased, which continued to raise the issue of Dalit political inclusion. Similarly, this community participated in the People's Revolution, raising their voices strongly within their respective parties.

Similarly, the Joint Political Dalit Struggle Committee in 1990 demanded the meaningful participation of the community in all aspects of public life. In regard to one of their key demands, namely proportional representation, the CA promulgated the new Constitution in 2015, which ensured this principle and hence, the inclusion of Dalits in the structures of political parties and the state. However, in reality, proportional representation in all levels of political parties remain low with parties unable to formulate policies and action plans to effectively develop the leadership capacities of persons from this community. There are many reasons behind why political parties still have not been able to develop substantive responses to support these communities.

### 1. A discriminatory mindset

The mainstream political parties continue to largely have a superficial understanding of the Dalit community and this is heavily reflected in their responses, party strategies and programs. For example, their party statutes and other key documents lack any credible analysis on the level of discrimination faced by Dalits. If there have been a few progressive changes





विभेदका कारण उनीहरूलाई देशको राजनीतिक शासन-प्रशासन सञ्चालन गर्ने वा राजनीतिक शक्ति-अभ्यास गर्नबाट नियोजितरूपमा बञ्चित गरियो । यस्तो परिस्थितिमा राज्यले पनि दलित समुदायको आधारभूत अधिकार सुनिश्चित गर्न आवश्यक कानुन, नीति, नियम र कार्यक्रम तय गर्न सकेन । विभिन्न आन्दोलनका कारण नेपालका राजनीतिक दलले सैद्धान्तिकरूपमा समावेशी लोकतन्त्रलाई स्वीकार गरेका छन् । यद्यपि, उनीहरूले सैद्धान्तिकरूपमा स्वीकार गरेको समावेशीकरणको प्रभावकारी अभ्यास पार्टी र राज्य गरिरहेका छैनन् ।

दलित समुदाय लोकतान्त्रिक राजनीतिक व्यवस्था स्थापित हुँदा पनि बहिस्करणमै छन् भने अर्कोतिर लामो समयसम्मको सामन्ती उत्पादन-सम्बन्धका कारण गरिबीको रेखामुनी बाँच्न विवश छन् । यसका साथै सांस्कृतिक मान्यताकै रूपमा विकास गरिएको विभेदकारी छुवाछूत-भेदभावको अभ्यास अहिले पनि कायमै छ, जसले दलितमाथिको जबरजस्त अछूतको व्यवहारलाई निरन्तरता दिइरहेको छ । त्यसैले दलितविरुद्ध हुने सबै किसिमको भेदभावको अन्त्यका लागि राजनीतिकरूपमै हस्तक्षेप गर्न राजनीतिक पार्टी र राज्यसत्तामा समानुपातिक समावेशी सिद्धान्तको अभ्यास अनिवार्यरूपमा गरिनुपर्छ । विशेषगरी राज्य र राजनीतिक पार्टीको नीति निर्माण गर्ने स्थान र कार्यान्वयन गर्ने सबै तहमा यो सिद्धान्तको व्यवहारिकरूपमा कार्यान्वयन गरिनुपर्छ । यसरी बनाइएका नीति र नियमको दृढतापूर्वक कार्यान्वयन गरिएको खण्डमा मात्रै दलितको राजनीतिक प्रतिनिधित्व प्रभावकारी हुन्छ । राजनीतिक पार्टीले दलितमाथि हुने विभेदविरुद्ध सशक्त हस्तक्षेप नगर्ने हो भने जातका आधारमा हुने विभेदले निरन्तरता पाउने छ र समतामुलक समाज निर्माणको लक्ष्य अधुरै रहने सम्भावना रहन्छ ।

## राजनीतिमा दलित प्रतिनिधित्वको आन्दोलन

२०२९ सालमै दलित समुदायले पहिलो पटक संगठितरूपमै राजनीतिक र प्रशासनिक क्षेत्रक र राज्यका सबै अङ्गमा आरक्षण दिइनु पर्ने माग गरेका थिए । तत्कालीन नेपाल राष्ट्रिय दलित जनविकास परिषद्ले संस्थागतरूपमा यो माग उठाएको थियो । यसैगरी २०४६ को जनआन्दोलनपछि प्राप्त केही खुला राजनीतिक वातावरणमा दलितले छुवाछूत-भेदभावको अन्त्य र राजनीतिक प्रतिनिधित्वको मागलाई सशक्तरूपमा उठाए । प्रजातन्त्रको पुनस्थापनासँगै नेपालमा विभिन्न राजनीतिक पार्टी खुल्ने क्रमले पनि तीब्रता पायो । प्रजातन्त्रका लागि संघर्ष गर्न स्थापित र प्रजातन्त्र पुनस्थापनापछि गठन भएका राजनीतिक दलले दलित मुद्दामा केन्द्रित दलित भातृसंगठन स्थापना गर्न सुरु गरे । यसरी खुलेका भातृ संगठनले मूलतः दलितको राज्य र राजनीतिक पार्टीमा राजनीतिक समावेशीकरणको मुद्दा उठाउँदै आइरहेको छ । यसैगरी दलित समुदाय तत्कालीन नेकपा (माओवादी)ले सुरु गरेको जनयुद्धमा दलित समुदायको सशक्त सहभागीता रह्यो । उनीहरूले पार्टीभित्र दलित मुक्ति र प्रतिनिधित्वको प्रश्नलाई पेचिलो ढङ्गले उठाए । सोही क्रमसँगै अन्य राजनीतिक पार्टीमा पनि दलित प्रतिनिधित्वको निरन्तररूपमा उठ्दै आएको छ ।

२०४६ पछि विभिन्न दलित संघसंगठनले राज्यसत्तामा दलित समुदायको हिस्सेदारी कायम हुनुपर्ने मागसहित आन्दोलन गरे । त्यसपछि दलित राजनीतिक दलित संगठनले गठन गरेको संयुक्त राजनीतिक दलित संघर्ष समितिले पनि राज्यका सबै तहमा दलितको समानुपातिक प्रतिनिधित्वको मुद्दालाई जोडदाररूपमा उठाउँदै आएको छ । यसैबीच संविधासभाबाट जारी भएको नेपालको संविधान, २०७२ ले दलितको समानुपातिक प्रतिनिधित्वको मागलाई संवैधानिकरूपमा स्वीकार गरेको छ । संवैधानिक व्यवस्था नै भएका कारण पनि राजनीतिक

in the traditional discriminatory mindsets of political parties, it has certainly yet to be translated into practice. At present, instead of prioritizing the issue of Dalit discrimination, parties seem to harbor a negative bias against them. Therefore, all political parties need to urgently take the necessary initiatives to end discrimination against Dalit community, in particular, in relation to ending their economic inequality and discrimination and strengthening their leadership capacities.

## 2. No acceptance of leadership

The leadership of Dalit community continues to be poorly accepted inside political parties, while the practice of accepting leaders from only a specific ethnicity or gender continues seemingly unabated. Disregarding their past and the significant contribution to their parties, Dalit leaders continue to be heavily looked down upon in all areas of political life with political parties demonstrably failing to act against all discriminatory practices. The trend of party cadres themselves discriminating against Dalit leadership have also served to damage the overall dignity of the community. This treatment against persons who join politics with a commitment for reform runs against the aims of any political party. Therefore, to end the trend of refusing political leadership opportunity to Dalits, political parties must, as a matter of priority, introduce programs and policies to end all levels of discrimination within party structures against this community.

## 3. The contradiction between policy and leadership

The main aim of a political party is to achieve power and work for the national advancement of the country. As such, policies play a key role in any party, formed with specific perspectives and purposes. It is only natural, therefore, for different political parties to have different policies, which seems to be the case in the context of Dalit representation where the NC, Communist Party of Nepal-Unified Marxist Leninist (CPN-UML) and CPN-MC all have special policies covering the area of Dalit representation. However, such initiatives have been unable to ensure the proportional representation of Dalits. Instead, political parties display wide differences between their policies and practices. In its statute, the NC made a provision to provide reservations to a Dalit in the party's working committee. Yet, while implementing the provision, only one Dalit member was elected as Deputy General Secretary in the recent general convention held in December. Though seemingly the most progressive in terms of Dalit representation, allocating 15 percent of seats for this community and proposing a special rights policy, the rate of change within the CPN-MC seems to be a great deal slower.





पार्टीले संगठनात्मक संरचनामा दलितको प्रतिनिधित्व गराएका छन् भने राज्यका विभिन्न संरचनामा पनि उनीहरूको प्रतिनिधित्व हुन थालेको छ । यद्यपि, वास्तवमा राजनीतिक पार्टीहरूले अझैं पनि पार्टीको समग्र संरचनामा दलितको समानुपातिक प्रतिनिधित्व गराउन सकेका छैनन् । त्यसकारण सबैजसो पार्टीमा दलितको प्रतिनिधित्व अहिले पनि निकै कमजोर छ । अर्कोतिर, राजनीतिक पार्टीले दलित समुदायको नेतृत्व विकास गर्न, विभेद र बहिस्करणबाट मुक्तिका लागि विशेष नीति निर्माण गरेको पाईदैन । यसैगरी कुनै कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्न पनि सकेका छैनन् । राजनीतिक दलले दलितमाथिको बहिस्करण र विभेद अन्त्य प्रभावकारी नीतिगत व्यवस्था गर्न सकिरहेका छैनन् भने दलितको राजनीतिक नेतृत्व विकासका सवालमा पनि ठोस काम हुन सकेको छैन । यसका पछाडि धेरै कारण छन् । तीमध्ये केही कारणबारे यहाँ चर्चा गरिएको छ :

## १. दलितमाथिको विभेदकारी सोंच

नेपालमा दलित समुदायले बहुआयमिक समस्या भोगिरहेका छन् तर राजनीतिक पार्टीहरूको दलित सवालबारे बुझाईको स्तर अत्यन्तै कमजोर वा सतही किसिमको छ । त्यसको प्रभाव राजनीतिक पार्टीको विचार, दृष्टिकोण, रणनीति र कार्यक्रममा पनि प्रतिबिम्बित हुने गर्छ । उदाहरणका लागि राजनीतिक पार्टीका विधान र दस्तावेजमा दलितमाथिको उत्पीडनलाई वस्तुवादी ढङ्गबाट विश्लेषण गरिएको पाईदैन । दलितलाई हेर्ने परम्परागत विभेदकारी दृष्टिकोणमा केही मात्रामा परिवर्तन भएको छ वा थोरै भए पनि प्रगतिशील रूपान्तरण राजनीतिक पार्टीको दस्तावेजमा देख्न सकिन्छ । यद्यपि, व्यवहारिक दृष्टिकोणबाट अझैं धेरै रूपान्तरण हुन सकेको छैन । अहिले पनि राजनीतिक पार्टीहरू दलितमाथिको विभेद र बहिस्करणका सवालप्रति खासै गम्भीर देखिँदैनन् । बरु कतिपय अवस्थामा दलित समुदायमाथि पूर्वाग्रही हुने गरेको छन् । त्यसैले दलितले भोगिरहेका समस्या समाधान गर्ने हो भने सबै राजनीतिक पार्टीले दलितमाथि भइरहेका सबै किसिमका विभेदको अन्त्य गर्ने प्रयत्न तुरुन्तै सुरु गरिहाल्नु पर्छ । मूलतः दलितमाथिको आर्थिक असमानता र विभेदको अन्त्य गर्ने र राजनीतिक नेतृत्व क्षमता विकास गर्ने सवालमा राजनीतिक दलहरूले काम गर्नै पर्छ ।

## २. नेतृत्व स्वीकार नगर्ने प्रवृत्ति

दलित समुदायबाट विकसित भएका नेतालाई पार्टीकै गैरदलित समुदायका नेता/कार्यकर्ताले सहजै नेतृत्वको रूपमा स्वीकार नगर्ने अवस्था अहिले पनि जीवितै छ । नेपालका कुनै निश्चित जाति वा लिङ्गका नेतालाई मात्रै नेतृत्वको रूपमा स्वीकार गर्ने विभेदकारी प्रवृत्तिको अझैं अन्त्य हुन सकेको छैन । जीवनभर पार्टीका लागि योगदान पुऱ्याए पनि दलित समुदायबाट विकसित नेतालाई जातकै कारण पार्टीभित्र प्रत्यक्ष वा अप्रत्यक्षरूपमा अपहेलना गरिन्छ । यस्तो अवस्थामा विभेद गर्ने व्यक्ति वा सदस्यलाई पार्टीले कारबाही गर्ने परिपाटीको विकास गरेको देखिँदैन । यसरी पार्टीकै कार्यकर्ताले दलित नेतृत्वमाथि विभेद गर्ने प्रवृत्तिले समुदायमाथिको स्वाभिमानमा समेत आँच पुऱ्याइरहेको छ । सामाजिक-राजनीतिक रूपान्तरण गर्ने दृढतासहित राजनीतिमा होमिएका व्यक्तिमाथि गरिने यस्तो दुर्व्यवहार राजनीतिक पार्टीको दृष्टिकोण र लक्ष्यकै विरुद्धमा हुन्छ ।

तर, त्यस्तो विभेदकारी व्यवहार अन्त्य गर्नका लागि राजनीतिक पार्टीहरूले ठोस कार्यक्रम बनाएको देखिँदैनन् । नेपाली समाजमा सबै किसिमको विभेद भोग्नु दलितको नियति जस्तै

## 4. Need to develop Dalit political leaders

The leadership development of the historically oppressed Dalit community is not similar to the leadership of non-Dalits, as the ruling elites have constantly led the party and excluded Dalits. Hence, political parties need to adopt and implement special policies, provisions, and programs to develop the leadership capacities of this community. After all, political competition cannot be deemed as fair between an individual who holds access to the party, society, and state, and an individual from the Dalit community, who are ruled over and excluded from economic and political power. The leadership evaluation criteria within political parties also needs to be reformed, reflecting the different economic and social standings of the individual. Parties need to reflect inward and assess their policies and programs, to correct their past mistakes.

## Conclusion

Discrimination against the Dalit community is mainly a class-based political issue and came into practice as a process to strengthen the feudal state. It is clear that the powerholders intentionally pushed this community backwards politically, economically, culturally and socially. In this context, political parties need to identify and analyze these issues, including how it could be resolved politically, while creating a dialogue to form special policies, approaches and processes to increase the leadership capacities and opportunities for persons from this community. It is only after this, that the issues affecting the Dalit community will be effectively resolved, paving way to develop new opportunities for Dalits and the democratic system.

For a decade now, political parties have included a few persons from the Dalit community in leadership positions arguably more as 'show pieces' to garner votes. Instead, political parties need to develop a deeper understanding of Dalits and create a 'masterplan' to develop their political leadership, which will enable the Dalit community to combat the rife discrimination. However, one issues is crystal clear – the Dalit community will not accept policies from any political party where the effect is that they continue to be counted only as 'vote banks' during election periods. Given their democratic rights and their contribution to the development of democracy in this country, the Dalit community demand and deserve a life with dignity.





बन्न पुगेको छ । समाजमा व्याप्त यस्तो गलत प्रवृत्तिलाई राजनीतिकरूपमै हल गर्नुपर्छ । त्यसैले दलित नेतृत्वलाई नै अस्वीकार गर्ने प्रवृत्तिको अन्त्यका लागि पार्टीहरूले नीति, ठोस योजना र कार्यक्रम बनाउनै पर्छ । त्यसले दलितलाई राजनीतिक नेतृत्वबाट बञ्चित गर्ने प्रवृत्तिको अन्त्य गर्न सघाउँछ । यसैगरी राजनीतिक पार्टीको संरचना र अन्य क्षेत्रमा दलित नेतृत्वमाथि हुने सबै किसिमको भेदभावको अन्त्य गर्ने एजेण्डालाई पार्टीहरूले प्राथमिकतामा राख्नुपर्छ र ठोस नीति तथा कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्नैपर्छ ।

## ३. नीति र नेतृत्वबीचको अन्तरविरोध

लोकतान्त्रिक व्यवस्थामा राजनीतिक पार्टीको मुख्य उद्देश्य भनेको शक्ति आर्जन गर्नु र देश र जनताको हकहितका लागि काम गर्नु हो । निश्चित विचार, दृष्टिकोण र उद्देश्यमा आधारित रहेर राजनीतिक पार्टी गठन हुन्छन् । यसरी गठन भएका पार्टी सञ्चालनका लागि कस्तो नीति अवलम्बन गरिन्छ भन्ने कुराले पार्टीका काम कारबाहीमा महत्वपूर्ण भूमिका खेल्छ । फरक-फरक राजनीतिक पार्टीका फरक नीति हुने कुरा स्वभाविक नै हो । दलितको प्रतिनिधित्वका सन्दर्भमा पनि यो सवाल लागू भएको देखिन्छ । दलित प्रतिनिधित्वका सवालमा नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी-केन्द्र)ले फरक-फरक नीति लिएका छन् । यस्ता नीतिगत व्यवस्थाका बाबजुद सबै पार्टीका संरचनामा दलितको समानुपातिक प्रतिनिधित्व गराउन भने सकेका छैनन् । वास्तवमा दलित प्रतिनिधित्वको सवालमा राजनीतिक पार्टीको नीति र व्यवहारमा निकै ठूलो खाडल देखिन्छ । नेपाली कांग्रेसले आफ्नो पार्टी विधानमा दलितलाई आरक्षण दिने नीति लिएको छ । तर, कांग्रेसको १४ औं महाधिवेशमा पार्टीको मुख्य पदाधिकारीमध्ये दलित समुदायका एकजना सह-महामन्त्री निर्वाचित गर्‍यो भने आरक्षित बाहेकका मुख्य पदमा दलित पुग्न सकेनन् । तथापि, एमाले र माओवादीजस्ता पार्टीले विधानमा कम्तीमा कांग्रेसको जस्तै पदाधिकारीमा दलित अनिवार्य हुने व्यवस्था गर्न सके पार्टीको शीर्षस्थ नेतृत्वमा दलित पुग्न सक्ने थिए । तर, ती पार्टीको विधानमा त्यस किसिमको व्यवस्था छैन । नेकपा (माओवादी-केन्द्र)ले पार्टीमा दलित जनसंख्याको अनुपातमा दुई प्रतिशत थपेर प्रतिनिधित्व गराउने विशेषाधिकारको नीति लिएको छ । यो तुलनात्मक रूपमा प्रगतिशील छ । यद्यपि, केन्द्रिय नेतृत्वमा दलित पुर्‍याउने सवालमा भने पार्टीले छुट्टै नीति लिएको छैन । यही प्रक्रियाबाट जाँद दलित पार्टीको निर्णायक पदमा पुग्ने कुरा निकै सुस्त गतिमा हुने देखिन्छ । अर्कोतिर दलितलाई पार्टीमा केबल देखाउनका मात्रै लैजाने प्रवृत्ति पनि छ । पार्टीमा दलितको अर्थपूर्ण प्रतिनिधित्व जरूरी छ, यो नै सबैभन्दा महत्वपूर्ण पक्ष हो ।

## ४. दलित राजनीतिक नेतृत्वको निर्माण

नेपालका धेरैजसो राजनीतिक दलको मुख्य बागडोर निश्चित वर्ग र समुदायले सम्हाल्दै आएका छन् भने दलित निरन्तर बहिस्करणमा पारिएका छन् । यस्तो अवस्थामा ऐतिहासिकरूपमा बहिस्करणमा पारिएको दलित र राजनीतिक सत्ता सम्हाल्दै आएको गैरदलितलाई एउटै किसिमको नेतृत्व विकासको अवधारणाले काम गर्दैन । त्यसैले दलित समुदायको नेतृत्व विकासका लागि राजनीतिक पार्टीहरूले विशेष नीति, प्रावधान र कार्यक्रम तयार गर्नैपर्छ । त्यसैगरी लामो समयसम्म पार्टी, समाज र राज्यसत्तामा रहेर साधन र स्रोतमाथि हालिमुहाली गरेको समुदाय र सधैं शासित बनाइएका र आर्थिक-राजनीतिक शक्तिबाट बञ्चितीकरणमा पारिएका दलित समुदायका नेतृत्वबीच समान प्रतिस्पर्धा गरिनु न्यायोचित हुँदैन । यति मात्रै

होइन, पार्टीमा फरक-फरक आर्थिक-सामाजिक हैसियत भएका नेतृत्वको मूल्याङ्कन पनि एउटै मापदण्डबाट हुन सक्दैन । त्यसैले पार्टीका नेता कार्यकर्ताको आर्थिक-सामाजिक आधारलाई सूचक मानेर मूल्याङ्कन गरिने प्रणालीको विकास गर्न आवश्यक छ । यसका सथै विशेषगरी नेपालका राजनीतिक पार्टीहरूले दलित नेतृत्वको विकास गर्ने सम्बन्धमा बिगतमा गरेका गम्भीर कमजोरीको सुक्ष्मरूपमा विश्लेषण गरी वैज्ञानिक संश्लेषणका आधारमा आवश्यक नीति तथा कार्यक्रम लागू गर्नुपर्छ ।

## निष्कर्ष

दलित उत्पीडन मूलतः सामन्तवादी राज्यव्यवस्थालाई बलियो बनाउने क्रममा विकास गरिएको मूलतः जातमा आधारित राजनीतिक समस्या नै हो । यो समुदायलाई शक्तिशाली समूहले नियोजितरूपमै राजनीतिक, आर्थिक, सांस्कृतिक र सामाजिक क्षेत्रबाट पछाडि पारेको कुरा स्पष्टै छ । यस्तो परिस्थितिमा राजनीतिक पार्टीले दलित समुदायका समस्यालाई पहिचान गर्ने र वैज्ञानिक ढङ्गले विश्लेषण गर्नुपर्छ । यसका साथै राजनीतिकरूपमा यी समस्याको हल गर्न सम्भव छ, यो समुदायको राजनीतिक नेतृत्वको विकास कस्तो नीति, विधि र प्रक्रियाबाट गर्न सकिन्छ र कसरी यो समुदायको क्षमता विकास गर्न र अवसर प्रदान गर्न सकिन्छ भन्ने विषयमा राजनीतिक पार्टीले गम्भीरतापूर्वक ध्यान दिन जरूरी छ । त्यसपछि मात्रै दलित समुदायले भोगिरहेका समस्याको प्रभावकारी हल हुनसक्छ । यसका साथै लोकतान्त्रिक प्रणालीमा दलितका लागि नयाँ अवसरका ढोका खुल्न सक्ने सम्भावना बढ्छ ।

बिगतका केही दशकलाई हेर्ने हो भने दलित समुदायका केही व्यक्तिलाई राजनीतिक पार्टीहरूले देखाउन लागि मात्रै नेतृत्वमा समावेश गर्ने गरेको देखिन्छ । यस्तो अभ्यास विशेषगरी निर्वाचनमा दलित समुदायबाट भोट पाउनका लागि मात्रै गरिएको देखिन्छ । यसको विपरित राजनीतिक पार्टीले दलित समुदायको सवाललाई गम्भीरूतापूर्वक बुझ्नु पर्छ भने यो समुदायको राजनीतिक नेतृत्व विकासका लागि स्पष्ट बृहत कार्ययोजना वा 'मास्टर प्लान' नै बनाउन आवश्यक छ । यस्तो प्रयत्नले दलितलाई नेतृत्वका रूपमा स्थापिन गर्नुका साथै दलितमाथि भइरहेको चरम विभेदविरूद्ध लड्ने क्षमता बढाउँछ । यद्यपि, एउटा स्पष्ट तथ्य चाहिँ के हो भने कुनै पनि राजनीतिक पार्टीले निर्वाचनका बेला भोट बैंकको रूपमा प्रयोग गर्नका लागि मात्रै कुनै किसिमको नीति बनाउँछन् भने त्यस्तो नीतिलाई दलित समुदायले स्वीकार गर्न सक्दैन । यो देशमा लोकतान्त्रिक राजनीतिक व्यवस्था स्थापनाका निकै ठूलो योगदान पुऱ्याएको दलित समुदायले आत्मसम्मानसहित जीवन बाँच्ने लोकतान्त्रिक अधिकारको माग गरिरहेको छ । उनीहरूको माग राज्य र राजनीतिक दलले पूरा गर्नैपर्छ ।

# Political Reservations for the Dalit Community

■ Meen Bishwakarma

## Introduction

Discrimination is prevalent throughout the world. In Nepal, economic, political and social discrimination has been prevalent now for some three centuries based on the cleavages of caste, ethnicity, gender, language, religion and region. Nepali society too has been in a continuous conflict due to the issues of 'discrimination' and 'exclusion'. In such an environment, it was quite impossible for Dalits to effectively participate in politics and raise their voices against the rulers, who also effectively banned all political parties.

Political parties were eventually formed in Nepal during the late 1930s to establish a democratic political system and to end all levels of socio-economic inequality. During the 1950 revolution, the NC carried the slogan 'caste will not be adhered to, let all of us sit, eat and be happy', which aimed to portray the party as one that disregarded issues to do with caste and instead favored the principles of 'equality' and 'individual freedom'. This was a slogan that certainly appealed to the different oppressed and marginalized communities. Another slogan of the NC emphasized that, 'land is of the tiller, house is of the painter', which focused on the economy and raised issues related to land ownership for farmers and laborers as well as the rights of women to own assets. Nepal's various communist parties have also raised strongly issues related to ending class and caste-based discrimination.

Although Nepal began practicing democracy after the end of the party-less panchayat system in 1990, the commitment to end discrimination and create an egalitarian society has never really been translated into practice. Instead, the core agenda of political parties has been to simply rotate governments of different political hues rather than to establish a truly democratic system and end discrimination and exclusion. Therefore, Dalits and other marginalized groups







# राजनीतिमा दलित समुदायलाई आरक्षण

■ मीन विश्वकर्मा

## परिचय

संसारभरिका सबैजसो देशमा कुनै न कुनै किसिमको विभेद रहेको पाइन्छ । नेपालमा पनि लामो समयदेखि जातजाति, लिङ्ग, भाषा, धर्म र क्षेत्र आदिका आधारमा विभेद हुँदै आइरहेको छ । विशेषगरी सिमान्तीकरणमा पारिएका समुदायमाथि आर्थिक, राजनीतिक र सामाजिक क्षेत्रमा भइरहेको 'विभेद' र 'बहिस्करण' भइरहेको छ । नेपाली समाजमा निरन्तर भइरहेको द्वन्द्वको एउटा कारण पनि विभेद र बहिस्करण नै हो । नेपालका दलित समुदायले लामो समयदेखि यस्तो विभेद र बहिस्करणको सामना गरिरहेका छन् भने विभेदविरुद्ध आन्दोलन पनि गरिरहेका छन् । राजनीतिक पार्टीमाथि बन्देज लागेको अवस्थामा पनि दलित समुदाय राजनीतिक पार्टीमा आबद्ध भएर लोकतन्त्रको स्थापना र समुदायको अधिकारका लागि संघर्ष गरेका थिए । स्वभाविकरूपमा त्यस्तो परिस्थितिमा विभेदकारी शासनविरुद्ध आवाज उठाउने सहज थिएन ।

नेपालमा निरङ्कुश राज्यव्यवस्थाको अन्त्य गरी लोकतन्त्र स्थापित गर्नका लागि राजनीतिक पार्टी गठन भए । ती पार्टीहरूले दमनकारी व्यवस्थाविरुद्ध संघर्ष गरे । राज्यको रूपान्तरणका लागि गठन भएका राजनीतिक पार्टीले केबल निरङ्कुश शासनव्यवस्था अन्त्यको मात्रै होइन, सामाजिक-आर्थिक समानताका सवाल पनि सँगसँगै उठाएका थिए । उदाहरणका लागि २००७ सालको क्रान्तिको समयमा नेपाली कांग्रेसले प्रजातन्त्र स्थापनाका साथै 'जातपात मान्दैनौं, सँगै बसौं सँगै खाउँ भातभताको खुशी' भन्ने नारा अगाडि सारेको थियो । उक्त नाराले नेपाली कांग्रेस सैद्धान्तिकरूपमा जातपात नमान्ने 'समानता' र 'व्यक्तिगत स्वतन्त्रता' चाहने पार्टी हो भन्ने कुरा स्थापित गरिदियो । यो नाराले दलित र उत्पीडित समुदायलाई एक किसिमले पार्टीमा आबद्ध हुन आकर्षित गऱ्यो । यसैगरी 'जमिन जोत्नेको हुन्छ, घर पोत्नेको हुन्छ' भन्ने नारा पनि कांग्रेसले सँगसँगै उठायो । यो एउटा आर्थिक नारा थियो, जसले जमिनमाथिको स्वामित्व श्रमिक वा किसानको हुने र घरायसी सम्पत्तिमा महिलाको हक हुने कुरा समेटेको थियो । यसैगरी नेपालका कम्युनिस्ट पार्टीहरूले पनि वर्गीय र जातीय विभेदको अन्त्यको मुद्दालाई सशक्तरूपमा उठाउँदै आएका छन् ।

२०४६ को जनआन्दोलनबाट निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य भएपछि नेपालमा लोकतान्त्रिक राजनीतिक व्यवस्था सुरु भयो । तर, राजनीतिक दलले शासन व्यवस्थाको

have demanded proportional representation in all the different democratic structures of the state. As a result of this pressure, political parties eventually felt compelled to accept this democratic principle. However, in the public spheres of political parties and government, while the practice of inclusion has admittedly begun, it is very hard to sustain the view that it has been implemented in practice to any meaningful extent.

## Political reservations for Dalits

The concept of reservations is a special provision that is extended to those different societal groups who have been subjected to historic levels of discrimination and exclusion by the state. In this respect, the provision is extended to further improve their respective advancement on a par with other communities. In short, this concept aims to reduce and ultimately end systemic discrimination. However, Dalits have been and continue to be subjected to significant levels of economic, political and social discrimination. With a history of intentional political exclusion by the state, deprived of economic resources and exploited in the area of employment, Dalits face high levels of poverty deprivation and been subjected to caste-based discrimination. The policies required for these communities to enjoy their democratic rights cannot be developed and implemented until they are better represented in all the political and state mechanisms available. That is why political reservations are a necessity for this community at this time. Although political parties have demonstrated their opposition to the caste system during the first Peoples Movement of 1990, they soon forgot about such issues when in government where they neither formulated policies nor undertook any concrete actions to establish equality for the Dalit community.

Of course, political parties alone will not be able to formulate all the necessary policies to solve those issues affecting the Dalit community  without the active participation of this community in all of the key roles within a party structure. Dalit representation is important at every level of the party as having one ethnic and/or caste group leading the party could see it turn into a dictatorship. Yet, within the current leadership  of main political parties, Dalit members are rarely ever appointed into key leadership roles. And when they are included, they are usually unable to effectively intervene in regard to the direction of the party's overall ideology, policies and/or programs. Hence, political reservations for the Dalit community remains key in terms of developing Dalit-friendly policies and programs that can help solve all outstanding issues affecting this community.

Let us not forget here that the Dalit community has made a major contribution to the establishment of political parties in this country over the last 75





रूपान्तरण गर्न सफल भए पनि समाजमा रहेका बहुआयामिक विभेदको अन्त्य गर्ने र समानता र न्यायमा आधारित समाज निर्माण गर्ने राजनीतिक प्रतिबद्धता उनीहरूले व्यवहारिकरूपमा पूरा गर्न सकेका छैनन् । वास्तवमा राजनीतिक पार्टीले लोकतान्त्रिक व्यवस्थाको स्थापनाका भइसकेपछि सामाजिक विभेद र बहिष्करणको अन्त्य गर्ने प्रतिबद्धता पूरा गर्ने दिशातिर विशेष ध्यान दिनुपर्ने थियो, तर उनीहरूले त्यतातिर ध्यान दिएनन् । यसको विपरित पार्टीहरूले सत्ता प्राप्तिलाई नै प्रमुख एजेण्डा बनाउन पुगे । राजनीतिक सत्ता फेरबदल मात्रै उनीहरूको प्राथमिकता एजेण बन्न पुग्यो । त्यसैले नेपाली समाजमा विभेद र बहिस्करण भने कायमै रहिरहेको छ । नेपालका दलित र सिमान्तकृत समुदायले बिगतदेखि नै राजनीतिक संघर्षकै क्रममा राज्यका विभिन्न निकायमा समानुपातिक प्रतिनिधित्वको माग गर्दै आइरहेका छन् । उनीहरूका संघर्ष र दबाबका कारण राजनीतिक पार्टीहरू समानुपातिक समावेशीकरणको सिद्धान्तलाई स्वीकार गर्न बाध्य भएका छन् । राजनीतिक-प्रशासनिक क्षेत्रमा केही हदसम्म समावेशीकरणको अभ्यास पनि सुरु भएको छ । यद्यपि, राजनीतिक पार्टी, सरकार र सार्वजनिक क्षेत्रमा अझै पनि समावेशीकरणको प्रभावकारी अभ्यास हुन सकिरहेको छैन ।

## राजनीतिमा दलितलाई आरक्षण

ऐतिहासिकरूपमा बहिस्करण वा सिमान्तीकरणमा पारिएका समुदायलाई बिगतमा राज्यबाट भएको विभेदको क्षतिपूर्तिस्वरूप दिइने विशेष व्यवस्था आरक्षण हो । यो व्यवस्थाले बहिस्करणमा पारिएका समुदायलाई अन्य समदायको स्तरमा पुऱ्याउन मद्दत गर्दछ । आरक्षणको मुख्य अवधारणा नै संरचनागत प्रणालीमा रहेको विभेदलाई घटाउने र अन्ततः त्यस्ता विभेदको समूल अन्त्य गर्नु हो । त्यसैले राजनीतिक आरक्षण ऐतिहासिक विभेद, शोषण र बहिस्करणमा पारिएका समुदायको अधिकार हो ।

नेपालका दलित समुदाय राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र दैनिक जीवनमा सबैभन्दा धेरै उत्पीडनमा पारिएको छन् । ऐतिहासिकरूपमा हेर्ने हो भने यो समुदायलाई राज्यले नै सुनियोजितरूपमा राजनीतिबाट बहिस्करण गरेको देखिन्छ । यसैगरी दलित आर्थिक स्रोतसाधन र अवसरबाट बञ्चितीकरणमा पारिएको र शोषणमुलक श्रम-व्यवस्थामा संलग्न गराइएको कारण दलित सबैभन्दा गरिबीको अवस्थामा पुगेका छन् । यति मात्रै होइन, दलित दैनिकरूपमा अमानवीय छुवाछूत र विभेद समेत भोग्न बाध्य पारिएका छन् । यसरी विभेद र राजनीतिक बहिस्करणका कारण दलित समुदाय राज्यशक्तिको अभ्यास गर्ने राज्यसत्ताका र राजनीतिक पार्टीको नीति निर्माण गर्ने तहमा पुग्न सकेनन् । यसरी राज्यसंयन्त्र र राजनीतिक पार्टीमा प्रभावकारी प्रतिनिधित्व नभएका कारण दलित अधिकार स्थापित गर्न आवश्यक नीति निर्माण हुन सकेनन् । त्यसैले ऐतिहासिकरूपमा बहिस्करणको क्षतिपूर्तिस्वरूप राजनीतिमा दलित समुदायलाई आरक्षणको आवश्यकता भएको हो । हुन त २०२९ सालमै राष्ट्रिय दलित जनविकास परिषद्‌ले संस्थागतरूपमै दलितका लागि आरक्षणको माग गरेको थियो । २०४६ को जनआन्दोलनको समयमा पनि दलिते यो मागलाई सशक्तरूपमा उठाए । त्यतिबेला राजनीतिक पार्टीहरूले जातीय आधारमा हुने विभेदको अन्त्य गर्ने मुद्दा उठाएका थिए । तर, आन्दोलनपछि तिनै पार्टीको नेतृत्वमा सरकारको गठन भयो तर ती दलले दलितले उठाउँदै आएका मुद्दालाई भने बिर्सिदिए । राजनीतिकरूपमा अप्ठ्यारो परिस्थितिमा दलितले राजनीतिक दललाई साथ दिएका छन् तर यो समुदायका समानता र न्याय प्राप्तिको दिशामा पार्टीहरूले कुनै ठोस नीति र कार्ययोजना पनि बनाएका छैनन् ।

years. Though claiming one's rightful share of political posts, in line with their population size, is surely a fundamental right within any democracy? Rather than promoting Dalit rights, political parties instead continue to weaken the effectiveness of those representatives appointed through the reserved quotas , while also spreading the bogus impression that they, i.e. the parties, were working in the wider interests of the Dalit community. With a higher level of reservations within political parties, more Dalits would be able to enter leadership positions themselves with the result that they could directly influence the direction of policies in relation to the ending of discrimination.

## Opponents of reservations

Yet, despite understanding that reservations can offer special opportunities to excluded communities, enabling them to enjoy equal rights, it seems that a set of 'ruling elites' continue to oppose the idea of reservations altogether. While the current Constitution provides Dalits and other different marginalized groups with the reserved quotas, the Khas/Arya caste are also included, which surely cuts against the principle of reservations in the first place. Here, the contention is that an egalitarian society cannot be based on providing reservations to a ruling or dominant class who does not have to suffer discrimination in the first place. However, with the inclusion of this dominant caste, those marginalized groups who are currently stagnating at the bottom of society will remain there.

In a political context, the Khas/Arya caste has fully utilized the reservations provision and, in so doing, has been able to further strengthen their political representation within political parties and the structures of the state at the expense of others, most notably the Dalit community. That is why political parties need to end this 'double standard' of benefitting from reservations, while opposing them at the same time. If the leadership of the political parties fail to collectively bring about a more inclusive democracy, with the meaningful representation of all communities, then this will only serve to further increase the possibility of conflict within and across parties and society in general.

## Meaningful reservations

Reservations should not only be limited to politics but also be linked with political issues relating to the overall economic and social transformation of Nepali society. Positive outcomes in regard to the interest of different marginalized groups will only be seen if such a process is implemented effectively. Until now, any reforms made within political parties, or at a state level, have been possible as a result of Dalit advocacy. For example, the 2017 Local Election Act, which provided for the mandatory representation of Dalit





यसैगरी पार्टी संरचनाको महत्वपूर्ण नेतृत्वमा दलित समुदायको प्रतिनिधित्व नहुँदासम्म राजनीतिक पार्टीले दलितका समस्या समाधानका लागि आवश्यक नीति निर्माण गर्न सक्दैनन् । त्यसैले दलित समुदायका समस्या समाधानका लागि राजनीतिक पार्टीले दलितसँगको समन्वयमा त्यस्ता नीति तयार पार्न आवश्यक छ । इतिहासले के पुष्टी गरेको छ भने जब कुनै पनि पार्टी एउटै समुदायको सीमित घेरामा कैद हुन्छ, तब त्यस्ता पार्टी निरङ्कुश बन्ने र आन्तरिकरूपमा अलोकतान्त्रिक हुने खतरा रहन्छ । त्यसैले पार्टीलाई लोकतान्त्रिक बनाउनका लागि पनि पार्टीका सबै संरचनामा दलितको न्यायोचित प्रतिनिधित्व अनिवार्य हुन्छ । तर, नेपालका प्रमुख राजनीतिक पार्टीको मुख्य नेतृत्वमा दलितको प्रभावकारी प्रतिनिधित्व छैन भने भएका दलित नेतृत्वलाई पनि पार्टीमा प्रभावकारी भूमिका वा जिम्मेवारी दिइएको छैन । पछिला केही दशकमा दलितलाई थोरै मात्रामा पार्टीको नेतृत्वमा समावेश गराइएको भए पनि पार्टीका विचार, नीति र कार्यक्रममा हस्तक्षेप गर्नसक्ने प्रकृत्तिको प्रतिनिधित्व हुन सकेको छैन । त्यसैले दलित समुदाय समस्या समाधान गर्न र पार्टीलाई दलितमैत्री बनाउनका लागि पार्टीका महत्वपूर्ण पदमा दलितको प्रतिनिधित्व अनिवार्य गरिनुपर्छ । यसरी पार्टीमा दलितमैत्री नीति तथा कार्यक्रम निर्माणका लागि पनि यो समुदायलाई राजनीतिमा आरक्षण दिइनुपर्छ । त्यसकारण दलितका लागि राजनीतिक क्षेत्रमा दिइने आरक्षण सन्दर्भिक र औचित्पूर्ण छ ।

नेपालमा राजनीतिक पार्टीको स्थापनादेखि विकासका क्रममा दलित समुदायले पुऱ्याएको उल्लेखनीय योगदानलाई कसैले पनि भुल्नु हुँदैन । यसरी योगदान गरेको पार्टीमा दलितले जनसंख्याको अनुपातमा राजनीतिक पदको दाबी गर्नु दलितको आधारभूत र लोकतान्त्रिक अधिकार हो । तर, राजनीतिक पार्टीले दलित अधिकारको प्रबर्द्धन गर्नुको सट्टा आरक्षणबाट नियुक्त भएका दलित प्रतिनिधिलाई उपयसक्त जिम्मेवारी नदिएर कमजोर बनाउने काम गरिरहेको छ । अर्कोतिर, ती राजनीतिक पार्टीहरू दलित समुदायको बृहत हितका लागि प्रशस्त काम गरिरहेको भ्रम पनि फैलाइरहेका हुन्छन् । राजनीतिक दलले यसरी भ्रम फिँजाउनुको सट्टा आरक्षण दिएर माथिल्लो वा नेतृत्वदायी पदमा पुऱ्याउने काम गर्नुपर्छ । यसरी पार्टीमा प्रतिनिधित्व गर्ने दलित नेतृत्वले पार्टी भित्र वा बाहिर दलितमाथि हुने विभेदको अन्त्यका लागि आवश्यक नीति र कार्यक्रम बनाउन प्रत्यक्ष भूमिका निर्वाह गर्न सक्छन् ।

## आरक्षण विरोधी मत

आरक्षण राज्यले बहिस्करणमा पारिएका निश्चित जाति, लिङ्ग वा समुदायलाई अन्य समुदाय समान अवस्थामा पुऱ्याउनका लागि प्रदान गरिने अधिकार वा विशेष अवसरको व्यवस्था हो । तर, यस्तो कुरा बुझ्दा बुझ्दै पनि वर्चश्वशाली समूह आफ्नो शासकीय वर्चश्व कायम राख्न निरन्तर आरक्षणको विरोध र गलत व्याख्या गर्न लागि परेको छ । नेपालको संविधानले दलित र अन्य सिमान्तकृत समुदायलाई आरक्षणको व्यवस्था गरेको छ । अझ रोचक कुरा त नेपालमा वर्चश्वशाली खसआर्य समुदायलाई समेत आरक्षण दिइने व्यवस्था गरिएको छ । यस्तो व्यवस्थाले राजनीतिक सत्तामा सँधैभरि हालिमुहाली गरिरहेको समुदायलाई नै थप बलियो बनाउने निश्चित छ । यस्तो व्यवस्था सैद्धान्तिकरूपमा आरक्षणका अवधारणाको विरूद्धमा छ । यसरी विभेद भोगिरहेका समुदायका लागि दिइएको आरक्षण खोसेर प्रभुत्वशाली वर्ग र समुदायलाई दिंदा त्यसले समानतामा आधारित समाज निर्माण हुन दिंदैन । यस्ता प्रभुत्वशाली समुदायलाई पनि आरक्षण दिइयो भने समाजको सबैभन्दा पछाडि पारिएका दलित समुदाय कहिल्यै अन्य समुदाय समान हुन सक्दैनन् । त्यसैले राजनीतिक क्षेत्रमा चलाइएका आरक्षणविरोधी भ्रम चिर्न जरूरी छ ।

woman, and the establishment of the National Land Commission to resolve the land issues affecting this community, were all made possible because of the various initiatives taken by Dalit MPs and other activists within this community. Therefore, should the community continue to campaign on these and other similar issues, through the use of reservations, a further increase in their political representation is likely.

Additionally, political parties should also be able to better differentiate between reservations and proportional representation. While reservations increase the participation of historically excluded communities, proportional representation ensures a measure of representation proportional to the population of a specific minority group. However, proportional representation alone cannot effectively ensure the meaningful representation of Dalits. Hence, the ruling caste groups should strictly allocate reserved  seats to Dalits as compensation, until such a time that the community reaches a similar position to that of the ruling castes in terms of their representation. In this way, political parties should aim to endorse all reservation policies and look to implement them in full.

## Conclusion

Political parties need to be committed to ending all caste-based discrimination and exercising inclusive democratic based policies, where all diverse marginalized groups have proportional and meaningful representation within the realms of political parties and the state. As such, all past promises made during the People's Movement should now be honored in full and thus translated into both policy and action. In particular, political parties also need to put forward clearer perspectives and plans to resolve the political, economic, social, educational and other issues facing this community. To achieve this, the effective representation of the Dalit community has to be secured in the policy formation level of all political parties. Similarly, Dalit wings within political parties need to continue playing an 'interventionist' role when the party is developing policies, action plans for the further emancipation of their community.





नेपालको राजनीतिक सन्दर्भलाई हेर्ने हो भने खसआर्य समुदायले पूर्णरूपमा आरक्षणको उपभोग गरिरहेका छन् । दलित समुदायले पाउनु पर्ने आरक्षण पनि वर्चश्वशाली खसआर्यले नै उपभोग गरेका कारण दलित किनारा लागिरहेका छन् । संविधानले खसआर्यलाई पनि आरक्षण दिएका कारण राजनीतिक पार्टीभित्र र राज्य संरचनामा उनीहरूले प्रतिनिधित्व अफ बढ्दै र मजबुत बनाउन सफल भएका छन् । यहाँ महत्वपूर्ण सवाल के छ भने एकातिर यही समुदाय आरक्षणको चर्को विरोध गरिरहेको हुन्छ भने अर्कोतिर उनीहरूनै सबैभन्दा धेरै आरक्षणको उपभोग गरिरहेका हुन्छन् । राजनीतिक दलमा पनि यस्तो द्वैध चरित्र प्रदर्शन भइरहेका हुन्छन् । त्यसैले राजनीतिक पार्टीले आरक्षण कार्यान्वयनका सन्दर्भमा यस्तो 'द्वैध चरित्र'को अन्त्य गर्नुपर्छ । पार्टीले आरक्षणबारे फैलाइएका भ्रम चिर्नुपर्छ र नेतृत्वले पार्टीमा सबै समुदायको अर्थपूर्ण सहभागीता सुनिश्चित गर्दै समावेशी लोकतन्त्रलाई ठीक ढङ्गले नेतृत्व प्रदान गर्नुपर्छ । यदि राजनीतिक दलले दलित समुदायसहितको समावेशी अभ्यास गर्न सकेनन् भने यसले स्वभाविकरूपमा द्वन्द्व बढाउन सम्भावना रहन्छ ।

## अर्थपूर्ण र प्रभावकारी आरक्षण

आरक्षणलाई केबल राजनीतिक प्रतिनिधित्व गर्ने विधिको रूपमा मात्र नभई आर्थिक-सामाजिक रूपान्तणको राजनीतिक मुद्दामा गाँसेर हेर्नु पर्छ । त्यसैले आरक्षणलाई सिमान्तीकृत समुदायको राजनीतिक नेतृत्व विकाससँग जोड्दै लैजाने र आरक्षणको सैद्धान्तिक मान्यतालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने हो भने स्वभाविकरूपमा यसले सकारात्मक परिणाम ल्याउँछ । अहिले राजनीतिक पार्टी र राज्यमा दलितको प्रतिनिधित्व बिस्तारै बढ्दै गइरहेको छ । यो अधिकारका लागि बिगतदेखि गरिएका पहलकै प्रतिफल हो । उदाहरणको लागि स्थानीय निर्वाचन ऐन, २०७३ मा कम्तीमा एकजना दलित महिला अनिवार्य प्रतिनिधित्व गराउनु पर्ने व्यवस्था पनि तिनै प्रयत्नबाट सम्भव भएको हो । यसैगरी दलित समुदायको समेत भूमिहीनतालाई सम्बोधन गर्न भूमिसम्बन्धी आयोग गठन भएको छ । दलित समुदायका सांसद र अधिकारकर्मीको पहलकदमीबाट यस्तो नीति बन्न सम्भव भएको हो । यसरी नै आरक्षणबाट प्रतिनिधित्वका साथै राजनीतिक दलका दलित प्रतिनिधिले समुदायका मुद्दा सार्वजनिक गर्ने, प्रभावकारीरूपमा अगाडि बढाउने र ती सवालमा निरन्तर संघर्ष गरिरहने हो भने त्यसले अपेक्षित परिणाम ल्याउन सक्छ । यसका लागि मूलतः आरक्षणलाई प्रभावकारी बनाउन आवश्यक छ ।

राजनीतिक पार्टीले आरक्षण र समानुपातिक सहभागीताबीचको सम्बन्ध र अन्तर छुट्याउन सक्नुपर्छ । राजनीतिक क्षेत्रमा दलितलाई निश्चित समयसम्मका लागि आरक्षण दिएर उनीहरूको समानुपातिक सहभागीता सुनिश्चित गर्नुपर्छ अथवा आरक्षण आवधिक हुन्छ । तर, समानुपातिक प्रतिनिधित्व भने अनन्त कालसम्म रहन्छ किनभने समाजको विविधता सँधैभरि राजनीतिक पार्टी र राज्यसत्तामा प्रतिबिम्बित हुनुपर्छ । त्यसैले दलितलाई ऐतिहासिकरूपमा बहिस्करण गरिएका कारण क्षतिपूर्तिस्वरूप राजनीतिक क्षेत्रमा अनिवार्य आरक्षण दिइनुपर्छ । कम्तीमा दलित समुदायलाई अन्य शासकीय जाति वा वर्गको हाराहारीमा नपुग्दासम्म यस्तो आरक्षण दिन आवश्यक छ । त्यसैले राजनीतिक पाटीले दलितका लागि आरक्षणको नीति अवलम्बन गर्नैपर्छ र त्यस्ता नीतिको प्रभावकारीरूपमा कार्यान्वयन पनि गर्नुपर्छ ।

## निष्कर्ष

राजनीतिक पार्टीले दलित समुदायमाथि हुने सबै किसिमको जातीय विभेदको अन्त्य गर्ने र राजनीतिक पार्टी र राज्यका सबै निकायमा यो समुदायको समानुपातिक र अर्थपूर्ण

प्रतिनिधित्व सुनिश्चित गर्नुपर्छ । यसले अभ्यासले मात्रै ती पार्टीले समावेशी लोकतान्त्रिक विधिलाई अवलम्बन गरेको पुष्टी गर्छ । त्यसैले सबै राजनीतिक पार्टीले कम्तीमा समानुपातिक समावेशीकरणको दृढतापूर्वक कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्नुपर्छ । यसैगरी दलितमाथि भइरहेको विभेदको अन्त्य, राजनीतिक पार्टी र राज्यमा प्रतिनिधित्वको सवालमा राजनीतिक पार्टीले बिगतका आन्दोलनमा गरेका प्रतिबद्धता पूर्णरूपमा कार्यान्वयन गर्नुपर्छ ।
जातीय विभेद अन्त्य गर्ने ती वाचालाई पार्टीको नीति र कार्यक्रममा समावेश गरी सामाजिक-राजनीतिक रूपान्तरणका कार्यक्रमको थालनी गर्नुपर्छ । विशेषगरी राजनीतिक पाटीले दलित समुदायले सामना गरिरहेका राजनीतिक, आर्थिक, सामाजिक, शैक्षिक र अन्य समस्याको समाधान गर्ने स्पष्ट दृष्टिकोण र कार्ययोजना तयार पार्नुपर्छ । यसका लागि सबै राजनीतिक पार्टीको नीति निर्माण गर्ने तहमा दलित समुदायको प्रभावकारी प्रतिनिधित्व हुन जरूरी छ । यसैगरी राजनीतिक पार्टीले दलित समुदायको मुक्तिको लागि नीति-निर्माण र कार्ययोजना तयार गर्दा सम्बन्धित पार्टीका दलित संगठनले 'हस्तक्षेपकारी' भूमिकालाई निर्वाह गर्न पनि उत्तिकै जरूरी छ ।

# The Representation of Dalit Women at the Local Level: Achievements and Challenges

■ Gaura Nepali

## Introduction

Although Dalit women have played a key role in Nepal's various political movements, they have nevertheless continued to face multi-layered levels of discrimination. Living in a heavily caste-based system, they are subjected to discrimination and oppression while also being denied access to economic and other state resources. Consequently, the Dalit community, and Dalit women in particular, are in the grip of extreme poverty, which has resulted in their weaker economic position in society compared to other communities. In addition, Dalits are further oppressed by men, as patriarchy persists to a fundamental level within Nepali society as well as also being discriminated against by non-Dalit women. Furthermore, by being treated as 'untouchables', this community faces discrimination in almost every area of their daily lives.

## Political representation

Although the current Nepali Constitution and various other pieces of legislation have been enacted to address the challenges faced by the Dalit community, not all provisions have been implemented as effectively as they should have been. The Dalit women's movement has continuously demanded for the mandatory implementation of the proportional representation system in all sectors of the state, and meaningful participation at all levels of decision-making, enabling Dalit women to implement and formulate necessary policies. However, the unwillingness of party leaderships to adopt such a system has resulted in the low participation and representation of Dalit women in the sphere of political parties and the structures of the state. Hence, these provisions related to Dalit rights need to be implemented by the state to empower Dalit women further to practice their democratic rights.







# स्थानीय तहमा दलित महिलाको प्रतिनिधित्व : उपलब्धी र चुनौती

■ गौरा नेपाली

## पृष्ठभूमि

नेपालका दलित महिलाले बहुआयमिक समस्याको सामना गरिरहेका छन् । त्यस्ता समस्याका बाबजुत दलित महिलाले राजनीतिक परिवर्तनको आन्दोलनमा महत्वपूर्ण योगदान दिएका छन् । नेपालमा दलित महिला एकातिर जातव्यवस्थाका कारण चरम जातीय भेदभाव र दमनमा पारिएका छन् भने वर्गीयरूपमा पनि अति गरिबीको अवस्थामा छन् । आर्थिक उत्पादनको स्रोतमाथि पहुँच नभएका उनीहरू राज्यले प्रदान गर्ने अवसरबाट पनि बञ्चित छन् । गरिबीको रेखामुनी रहेका दलित समुदायभित्रका दलित महिलाको आर्थिक अवस्था झन् कमजोर छ । उनीहरू समाजका अन्य समुदायका महिलाको तुलनामा सामाजिक-आर्थिक क्षेत्रमा निकै पछाडि पारिएका छन् । उनीहरू जरो गाडेर बसेको पितृसत्तात्मक समाजमा पुरूषबाट विभेद खेप्न बाध्य छन् भने जातव्यवस्थाका कारण गैरदलित समुदायका महिलाबाट समेत उत्पीडानमा पारिएका छन् । यति मात्रै होइन, दलित महिलाले दैनिकरूपमा जीवनका हरेक पाइलामा छुवाछूत-भेदभाव समेत भोगिरहन बाध्य छन् ।

## राजनीतिक प्रतिनिधित्व

नेपालको संविधान र कानुनी व्यवस्थाले दलित समुदायले भोगिरहेका समस्या समाधान गर्ने प्रयत्न गरेको छ । यद्यपि, जातीय विभेदविरूद्ध बनेका संवैधानिक र कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुन सकिरहेको छैन, राजनीतिक प्रतिनिधित्वको सवालमा पनि यो कुरा लागू हुन्छ । नेपालको दलित महिला आन्दोलनले राज्यका सबै तहमा अनिवार्यरूपमा समानुपातिक समावशीकरणको अभ्यास गरिनु पर्ने माग गर्दै आइरहेको छ । मूलतः नीति निर्माण गर्ने स्थानमा उनीहरूको अर्थपूर्ण प्रतिनिधित्व हुनुपर्ने माग निरन्तररूपमा उठिरहको छ । यसैगरी समावेशीकरणका सवालमा उपलब्ध नीतिको सहज वातावरणमा प्रभावकारी कार्यान्वयन गरिनु पर्ने मुद्दा पनि सँगसँगै उठ्दै आइरहेको छ । तर, नेपालका राजनीतिक पार्टीको नेतृत्वले सम्बन्धित पार्टी र राज्य संरचनामा दलित महिलाको अर्थपूर्ण र समानुपातिक प्रतिनिधित्व गराउन खासै चासो देखाउने गरेका छैनन् । कम्तीमा दलित महिलाको सशक्तिकरण लोकतान्त्रिक शक्ति-अभ्यासका लागि उपलब्ध संवैधानिक र कानुनी व्यवस्थाको समेत राज्यले प्रभावकारी कार्यान्वयन गरेको छैन ।

In 2007, the Interim Parliament included the representation of 57 women, out of which 18 were Dalit out of them six were Dalit women - the first time that Dalit women had represented in parliament. Similarly, in the first CA in 2008, there were 25 Dalit women represented out of a total of 50 Dalit MPs. In the second CA in 2013, 21 Dalit women had represented out of a total of 40 Dalits elected in total. Finally, the 2017 parliamentary elections saw 90 women and 19 Dalit elected out of which 13 were Dalit women. Yet, despite this, Dalit women were not represented in the executive government, which further demonstrates their low representation overall in the areas of policy making and executive-level governance.

## Representation of Dalit women at the local level

As a result of several political movements, the Constitution now guarantees at least 33 percent women's representation in all three tiers of government. Similarly, the 2017 Local Election Act has made a mandatory provision that at least one Dalit must be elected in each ward at the local level. Henceforth, in the 2017 local elections, 6,664 Dalit women won ward level seats. In that same election, out of a total 12,790 elected municipal council members, only 995 were Dalit women, which is still a very low level of representation[1]. These women also received little to no opportunity to hold key positions such as that of the mayor, chair, deputy mayor, and vice chair. This demonstrates that while Dalit women are represented at the local level, they are not given responsibilities at a senior level.

## Current challenges faced by Dalit women representatives

However, locally elected Dalit women continue to face a number of challenges[2]. As they remain in a minority at the local level, their voice also remains weak. Due to unequal power-structures, they also have to struggle when trying to formulate policies and programs relating to their community. Though current legislation assigns duties to mayors and deputy mayors, the duties for Dalit women representatives were never included. As a result, many elected Dalit women still do not have sufficient expertise or knowledge about the constitutional, legal and policy provisions to effectively work within the newly established federalized structure.

As a result, many Dalit women representatives are subjected to political exclusion, forcing them into a dilemma as to what could be done as compared to what cannot be done. Consequently, it has taken time to build their understanding regarding their rights and jurisdictions while, at the same time, also experiencing a lack of support from the non-Dalit community. More broadly,





राज्यको नीति निर्माण तहमा दलित महिलाको प्रतिनिधित्व बढ्न थालेको छ । २०६३ मा अन्तरिम व्यवस्थापिका-संसदमा ५७ जना महिलाको प्रतिनिधित्व थियो । यसैगरी १८ जना दलितले व्यवस्थापिकामा प्रतिनिधित्व गरेका थिए तीमध्ये छजना दलित महिलाको थिए । व्यवस्थापिका-संसदमा यतिको संख्यामा दलित महिलाको प्रतिनिधित्व भएको यो पहिलो परिघटना थियो । यसैगरी २०६४ को पहिलो संविधानसभाको निर्वाचनबाट ५० जना दलित संविधानसभा सदस्यका रूपमा निर्वाचित भएका थिए । यसरी प्रतिनिधित्व गर्नेमध्ये २५ जना दलित महिला थिए । यसैगरी २०७० मा सम्पन्न दोस्रो संविधानसभामा ४० जना दलितको प्रतिनिधित्व थियो, तमध्ये २१ जना दलित महिला थिए । यसैगरी २०७४ मा सम्पन्न संघीय संसदको निर्वाचनमा ९० जना महिला निर्वाचित भएका थिए भने १९ जना दलितले संघीय संसदमा प्रतिनिधित्व गरिरहेका छन् । तीमध्ये दलित महिलाको संख्या १३ जना रहेको छ । तर, संघीय संसदमा दलित महिलाको प्रतिनिधित्व भए पनि मन्त्रीपरिषद्मा भने एकजना पनि दलित महिलालाई सहभागी गराइएको छैन । यहाँ उल्लेख गरिएका तथ्यले पनि राज्यको नीति निर्माण गर्ने र कार्यान्वयन गर्ने तहमा दलित महिलाको प्रतिनिधित्व अत्यन्तै कमजोर अवस्थामा रहेको प्रष्ट देखाउँछ ।

## स्थानीय तहमा दलित महिलाको प्रतिनिधित्व

बिगतका राजनीतिक र सामाजिक आन्दोलनकै कारण संविधानसभाबाट जारी नयाँ संविधानले तीनै तहको सरकारमा कम्तीमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व हुनै पर्ने व्यवस्था गरेको छ । यसैगरी स्थानीय तह निर्वाचन ऐन, २०७३ ले पनि प्रत्येक वडामा कम्तीमा एकजना दलित महिलाको अनिवार्य प्रतिनिधित्व हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २०७४ को स्थानीय तहको निर्वाचनमा दलित महिलालाई आरक्षित गरिएको सिटमा ६ हजार ६६४ जना महिला निर्वाचित भएका थिए । यसैगरी ७५३ ओटा स्थानीय तहको कार्यपालिकामा १२ हजार ७९० जना पदाधिकारी निर्वाचित भएका थिए, तीमध्ये दलित महिलाको संख्या ९९५ जना मात्रै छ । स्थानीय सरकारको नीति निर्माण गर्ने मुख्य थलो कार्यपालिकामा दलित महिलाको यो प्रतिनिधित्व निकै थोरै हो ।[१] अझ स्थानीय सरकारको मुख्य पदहरू जस्तै मेयर, अध्यक्ष, उप-मेयर र उपाध्यक्षको पदमा भने दलित महिलाले खासै अवसर पाएका छैनन् । यसले के देखाउँतछ भने दलित महिलाको स्थानीय तहमा प्रतिनिधित्व भए पनि स्थानीय सरकारको मुख्य पदमा दलित महिलालाई जिम्मेवारी दिइएको छैन ।

## दलित प्रतिनिधित्वले भोगेका चुनौती

स्थानीय तहका दलित महिला जनप्रतिनिधिले विभिन्न प्रकृतिका चुनौतीको सामना गर्नुपरेको थियो ।[२] स्थानीय सरकारमा उनीहरूको संख्या तुलनात्मकरूपमा थोरै छ । सोही कारण स्थानीय सरकारमा दलित महिला जनप्रतिनिधिका आजाव सशक्त हुन सकिरहेको छैन । स्थानीय सरकारको संरचनामा रहेको यस्तो शक्ति-संरचनाका कारण उनीहरूले समुदाय केन्द्रित नीति निर्माण गर्न र कार्यक्रम तय गर्न निकै संघर्ष गर्नुपरेको छ । यसैगरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारका प्रमुख र उप-प्रमुखको स्पष्ट जिम्मेवारी तोकेको छ । तर, दलित महिला जनप्रतिनिधिको काम, कर्तव्य र अधिकारका सवालमा भने केही प्रावधान समावेश गरेको छैन । अर्कोतिर, संघीयता बिलकुल नयाँ शासकीय संरचना भएका कारण पनि दलित महिला जनप्रतिनिधिलाई नयाँ व्यवस्थासँग परिचित हुन निकै समय लागेको थियो । यसैगरी स्थानीय सरकारसँग सम्बन्धी संवैधानिक, कानुनी र नीतिगत व्यवस्थाबारे पर्याप्त जानकारी नभएका कारण पनि उनीहरूले अपेक्षा गरेअनुरूप भूमिका खेल्न

they have had to struggle against discrimination brought on by the patriarchal and caste-based societal structures. Moreover, due to the discriminatory power-structure in the society and political parties, it is difficult for Dalit women to hold key positions at the local level. As a consequence, there is also a probability that they may choose to exit from the world of politics and the structures of the state.

## Conclusion

Following the 2017 municipal elections, for the first time, a large number of Dalit women were elected at the ward and municipal council levels. The experience of the past five years seems to suggest that they have developed their leadership skills, while also increasing their own levels of confidence. Their representation has also contributed to creating a socio-political identity for the Dalit community as a whole, despite the multiple challenges that exist.

Representation at the state level is the fundamental right of the Dalit community ensured by the Constitution. However, a narrative has been forcibly built by the ruling elites against the reservations provided to Dalit women, stating that they would not be able to make any difference should they be elected. It is also important to understand the working environment of locally elected Dalit women representatives to see if it is conducive enough for them to effectively conduct their constitutional duties. In reality, since the first set of elections were held for the newly formed federal republic, Nepal has witnessed a lower level of representation of the Dalit community in senior leadership roles, especially for Dalit women. That is why it is even more important to build the leadership capacities of this community, especially of Dalit women, to further strengthen their overall political representation. In this respect, the following points should be further considered as ways in which this can be done:

1. Locally elected Dalit women representatives have imparted expertise to others while also gaining increased confidence as community leaders. They have worked closely with citizens, attempting to work for women and the Dalit community. Such work needs to continue as their expertise will continue to be of benefit to future elected Dalit women representatives.

2. The narrative developed by the dominant caste groups that a Dalit woman cannot work in comparison to other castes, runs contrary to the principle of inclusive democracy. In fact, when given the opportunity, Dalit women have played a key role as chairs, municipal council and ward members. Should they be further empowered and given more opportunities, they will





सकेका छनन् । यस्ता अप्ठ्याराका कारण दलित महिला जनप्रतिनिधिले स्थानीय सरकारमा प्रभावकारी भूमिका खेल्न सहज नभएको देखिन्छ ।

यस्ता असहज परिस्थितिकै कारण धेरैजसो दलित महिला जनप्रतिनिधिले राजनीतिक शक्ति-अभ्यास गर्न सकेका छैनन् वा बहिस्कृत अवस्थामा रहन बाध्य छन् । बिलकुल नयाँ राजनीतिक प्रणाली भएका कारण उनीहरू सुरुका केही वर्ष मूलतः के गर्न हुने र के गर्न नहुने भन्ने दोधारमा थिए । दलित महिला जनप्रतिनिधि र स्थानीय सरकारको क्षेत्राधिकारबारे बुझ्न नै उनीहरूलाई निकै समय लाग्यो । अर्कोतिर उनीहरूले गैरदलित समुदायबाट पनि पर्याप्त सहयोग पाउन सकेनन् । यति मात्रै होइन, दलित महिला जनप्रतिनिधिले पितृसत्ता र जातव्यवस्थामा आधारित सामाजिक संरचनाविरुद्ध पनि निरन्तर संघर्ष गरिरहनु पऱ्यो । यसका साथै समाज र राजनीतिक दलमा रहेको विभेदकारी शक्ति-सम्बन्धका कारण उनीहरूले स्थानीय तहको प्रमुख र महत्वपूर्ण पदको जिम्मेवारी पाउन सकेनन् । त्यसकारण पनि समुदायका लागि आवश्यक ठोस नीति र कार्यक्रम बन्न सकेन । यसरी स्थानीय निकायमा निर्वाचित दलित महिला जनप्रतिनिधिलाई सहज ढङ्गले काम गर्न सक्ने वातावरण बनाइएन भने स्थानीय तहमा पनि राजनीतिक बहिस्करणले निरन्तरता पाउने खतरा कायमै छ ।

## निष्कर्ष

२०७४ मा सम्पन्न स्थानीय तहको निर्वाचनले इतिहासमै पहिलो पटक निकै ठूलो संख्यामा दलित महिलालाई स्थानीय तहमा निर्वाचित गऱ्यो । यसका साथै उनीहरूले स्थानीय कार्यापालिकामा समेत प्रतिनिधित्व गर्ने अवसर पाए । बिगतका पाँचवर्षमा दलित महिला जनप्रतिनिधिले आफ्नो राजनीतिक नेतृत्वको विकास गरेका छन् भने आत्मविश्वास समेत बढाएका छन् । उनीहरूको राजनीतिक प्रतिनिधित्वले दलित समुदायको सामाजिक-राजनीतिक हैसियतमा समेत केही मात्रामा परिवर्तन ल्याउन सहयोग पुऱ्याएको छ । यद्यपि, दलित महिला जनप्रतिनिधिले स्थानीय तहमा भोग्नु परेका अनेकौं समस्या अझै बाँकी नै छन् ।

नेपालको संविधानले दलित समुदायको समानुपातिक प्रतिनिधित्वलाई मौलिक हकमै सुनिश्चित गरेको छ । यद्यपि, लामो समयसम्म शासन सत्तामा रहेका कूलीन वर्गका केही मानिसले दलित महिलाले काम गर्न सकेनन् र अहिलेको प्रतिनिधित्वले तात्विक भिन्नता ल्याउन सकेन भन्ने नकारात्मक भाष्य जबरजस्ती निर्माण गर्ने कोशिश गरेका छन् । तर, उनीहरूले किन प्रभावकारी काम गर्न सकेनन् भन्ने तथ्यको खोजी गरिनुपर्छ । उनीहरूलाई संविधान र कानुनले दिएको जिम्मेवारी पूरा गर्नका लागि सहज वातावरण उपलब्ध थियो कि थिएन भनेर हेर्न जरूरी छ । वास्तवमा, नेपाल संघीय शासन प्रणालीमा प्रवेश गरेपछिको यो पहिलो निर्वाचन थियो । त्यसकारण स्थानीय सरकार सञ्चालनका सम्बन्धमा उनीहरूलाई पर्याप्त ज्ञान थिएन । यसैगरी स्थानीय तहको मुख्य नेतृत्वमा दलित समुदायको प्रतिनिधित्व थिएन भने दलित महिलाको प्रतिनिधित्व अत्यन्तै न्यून मात्रामा थियो । अर्कोतिर दलित महिला जनप्रतिनिधिको समग्र राजनीतिक क्षमतालाई सशक्त बनाउनका नेतृत्व क्षमता पुगेको छैन । त्यसैले उनीहरूको क्षमता अभिवृद्धि गर्न अत्यन्तै आवश्यक थियो । सहज र सहयोगी वातावरण बिना दलित महिला जनप्रतिनिधिले प्रभावकारी काम गर्न सक्ने अवस्था थिएन । यस्तो अवस्थमा दलित महिलाको प्रभावकारी प्रतिनिधित्व सुनिश्चित गर्नका लागि तल उल्लेखित विषयलाई ध्यान दिन जरूरी छ :

undoubtedly be able to further shoulder an even greater role in the area of democratic reform. Therefore, incorrect social prejudice towards Dalit women as elected representatives needs to change.

3. Elected Dalit representatives are being subjected to discrimination based on the practice of 'untouchability'. Therefore, municipalities need to commit themselves to ending such discrimination. As Dalit representatives also suffer from significant financial hardship, as a result, they are unable to engage in politics. That is why municipalities need to develop concrete action plans to ensure a more favorable environment is created for them to participate in politics.

4. To strengthen Dalit women's situation at the local level, the community needs to be made more politically aware and active. In particular, they should be given political knowledge and strength so that they can independently campaign for their democratic rights. In this regard, the role of political parties, government agencies as well as the family are important for a Dalit woman to be able to better develop their political leadership capacities.

## Endnotes

[1] Biswokarma, J.B. (2021). Roles and Challenges of Dalit Women Representatives in Local Level (Study Report). Dalit Mahila Sangh (Feminist Dalit Organization). Lalitpur. Nepal.

[2] Ibid.





१. स्थानीय तहमा निर्वाचित दलित महिला जनप्रतिनिले सरकार सञ्चालनसम्बन्धी ज्ञान प्राप्त गरिसकेका छन् भने सरकारको नेतृत्व गर्ने आत्मविश्वास निकै पनि बढेको छ । उनीहरूले नागरिकसँग अत्यन्तै नजिक रहेर काम गरेका छन्, दलित र महिलाका सवालमा सकेसम्म प्रभावकारी काम गर्ने कोशिश गरेका छन् । उनीहरूले बिगतमा गरेका जनसरोकारका कामलाई निरन्तरता दिइनुपर्छ । यसले भविष्यमा दलित महिलालाई अन्य निर्वाचनमा पनि प्रतिनिधिका रूपमा निर्वाचित हुने सम्भावना बढाउँछ ।

२. समावेशी लोकतन्त्रको सिद्धान्तविरोधी शक्ति दलितमाथि निरन्तर खनिँदै आइरहेको छ । त्यस्तो एउटा समूहले दलित महिलाले अन्य समुदायका महिलाका तुलनामा काम गर्न सकेनन् भन्ने गलत भाष्य जबरजस्ती निर्माण गर्न खोजिरहेका छन् । वास्तवमा, दलित महिला सदस्यले अवसर पाएको खण्डमा राम्ररी काम गर्न सक्छन् भन्ने थुप्रै उदाहरण छन् । बिगतमा उनीहरूले कतिपय स्थानीय सरकारको कार्यकारी अध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्यको रूपमा निकै महत्वपूर्ण काम गरेका अनुभव छ । त्यसैले उनीहरूलाई थप सशक्तिकरण गरियो र अवसर प्रदान गरियो भने निसन्देह उनीहरूले नेपालको लोकतान्त्रिक पुनर्संरचनाका लागि अझ महत्वपूर्ण भूमिका खेल्न सक्नेछन् । त्यसकारण दलित महिलाविरुद्ध तयार पारिएका गलत सामाजिक पूर्वाग्रहको अन्त्य गर्न जरुरी छ ।

३. स्थानीय तहमा निर्वाचित दलित समुदायका जनप्रतिनिधिले समेत छुवाछूत-भेदभाव भोग्न बाध्य छन् । त्यसकारण स्थानीय सरकारले दलितमाथि भइरहेको यस्तो विभेदको पूर्णरूपमा अन्त्य गर्नुपर्छ । यसका साथै अधिकांश दलित महिला जनप्रतिनिधि आर्थिकरूपमा निकै समस्यामा छन् । त्यसैले उनीहरू राजनीतिमा सक्रियरूपमा समावेश हुन सकिरहेका छैनन् । त्यसैले उनीहरूलाई सहज हुने राजनीतिक वातावरण निर्माणका लागि पनि स्थानीय सरकारले ठोस कार्ययोजना नै बनाउन आवश्यक छ ।

४. स्थानीय तहका दलित महिलाको अवस्था सशक्त पार्न राजनीतिकरूपमा सचेत र सशक्त बनाउन आवश्यक छ । विशेषगरी उनीहरूलाई दलित महिलाको लोकतान्त्रिक अधिकार प्राप्तिको अभियान सञ्चालन गर्न आवश्यक राजनीतिक ज्ञान प्रदान गरिनुपर्छ । यसरी दलित महिलाले आफ्नो राजनीतिक नेतृत्व र क्षमता विकासका लागि राजनीतिक दल, राज्य र परिवारको सहयोग पनि निकै महत्वपूर्ण हुन्छ ।

## पाद टिप्पणी

[१] विश्वकर्मा, जेबी । २०७८ । स्थानीय निकायमा दलित महिला प्रतिनिधिको भूमिका र चुनौती (अध्ययन प्रतिवेदन) । ललितपुरः दलित महिला संघ ।

[२] उही ।

# Madheshi Dalit Representation in Politics

■ Sona Khatik

## Introduction

The Dalit communities are settled in the hill and Terai regions of Nepal and has historically been discriminated against based on region, caste and class. In particular, it has been observed that Madheshi Dalits have been politically excluded, and as a result have lower representation in political parties and the state. Hence, the Madheshi Dalit community are the poorest of the poor. For example, according to the 2011 Living Standard Survey, conducted by the Central Bureau of Statistics, 39.2 percent of this community were forced to live below the poverty line, whereas the national average was 25.2 percent. Historically, the state has prevented this community from holding land in their own name and have been systematically excluded from receiving an education, being forced instead to engage in exploitative labor-relations. In addition, caste-based discrimination and practices of 'untouchability' also remain rampant. Consequently, this community has been unable to gain senior level representation in political parties, also because political parties fail to recognize them as leaders. Certainly, there has been no serious debate in political parties on policies to develop the leadership of this community. Therefore, this article aims to discuss the political representation of Madheshi Dalits in political parties as well as the ways to increase their representation at the decision-making level.

## Madheshi Dalit political representation

Although the Terai-Madhesh region includes a large population of the Dalit community, their representation within political parties is very weak. For example, during its party convention held in December 2021, the NC selected 134 central committee members without any representation from this community. Similarly, the CPN-UML convention in December, elected four members of this community out of a 301 strong central committee. With regard







# राजनीतिमा मधेसी दलितको प्रतिनिधित्व

■ सोना खटिक

## परिचय

नेपालमा पहाड र मधेस दुवै भौगोलिक क्षेत्रमा दलित समुदायको बसोबास रहेको छ । विशेष गरी मधेसमा बसोबास गर्ने दलितलाई ऐतिहासिकरूपमा क्षेत्र, जात र वर्गको आधारमा विभेद गरिँदै आएको छ । विशेषगरी, मधेसी दलितलाई राजनीतिक बहिष्करण गरिएको हुनाले राजनीतिक पार्टी र राज्य दुवैमा उनीहरूको प्रतिनिधित्व अत्यन्तै न्यून छ । त्यसैले मधेसी धधदलित बिपन्नमध्ये पनि सबैभन्दा बिपन्न अवस्थामा छन् । उदाहरणको लागि २०६८ मा केन्द्रिय तथ्याङ्क विभागले गरेको जीवनस्तर सर्वेक्षणअनुसार ३८.२ प्रतिशत मधेसी दलित गरिबीको रेखामुनी बाँच्न विवश थिए जबकी त्यतिबेला गरिबीको रेखामुनी रहने व्यक्तिको राष्ट्रिय अनुपात २५.२ प्रतिशत मात्रै थियो । ऐतिहासिकरूपमा राज्यले यो समुदायलाई जमिनको स्वामित्वबाट नियोजितरूपमा बञ्चित गरेको थियो । उनीहरूलाई योजनाबद्ध तरिकाले शिक्षाबाट बञ्चित गर्दै शोषणमुलक श्रम-सम्बन्धमा रहन बाध्य पारिएको थियो । यसका साथै जातीय विभेद र 'छुवाछूत' समेत दालिएको थियो, जुन विभेदकारी अभ्यास अहिले पनि व्याप्त छ । यसैको परिणामस्वरूप मधेसी दलितले राजनीतिक पार्टीको उच्च स्थानमा कहिल्यै प्रतिनिधित्व पाउन सकेका छैनन् भने राजनीतिक पार्टी पनि उनीहरूलाई नेताको रूपमा स्वीकार गर्न तयार देखिँदैन । निश्चित रूपमा नै भन्न सकिन्छ कि राजनीतिक पार्टीहरूले मधेसी दलितको नेतृत्व विकास गर्नका लागि कुनै नीति बनाएको छैनन् भने यस सन्दर्भमा गम्भीर बहस समेत हुने गरेका छैनन् । त्यसैले यस लेखले राजनीतिक पार्टीहरूमा मधेसी दलितको राजनीतिक प्रतिनिधित्वको अवस्था र पार्टीको निर्णय गर्ने तहमा उनीहरूको प्रतिनिधित्व बढाउने विधिबारे छलफल गर्ने उद्देश्य राखेको छ ।

## मधेसी दलितको राजनीतिक प्रतिनिधित्व

नेपालको तराई/मधेसमा दलित समुदायको ठूलो जनसंख्या छ । तर पनि राजनीतिक पार्टीमा उनीहरूको प्रतिनिधित्व अत्यन्तै कमजोर छ । उदाहरणको लागि २०७८ मंसिरमा नेपाली कांग्रेसले महाधिवेशन सम्पन्न भयो । उक्त महाधिवेशनमा पदाधिकारीसहित १३४ सदस्यीय केन्द्रिय समिति सदस्य छनौट भया । तर, कांग्रेसले एकजना पनि मधेसी दलितलाई केन्द्रिय समितिमा समावेश गरेको छैन । यसैगरी नेकपा (एमाले)ले २०७८ मंसिरमा सम्पन्न गरेको महाधिवेशनबाट गठन गरेका ३०१ सदस्यीय केन्द्रिय समितिमा जम्मा चारजना मात्रै मधेसी

to the CPN-MC, in January this year, they selected their 299-member central committee, out of which only one was a Madheshi Dalit. Furthermore, where Dalit representatives were selected as central committee members, they mostly represented the hill regions. Though, overall, political parties have chosen few Dalits in the policy making processes, overlooking the challenges faced by this community. Likewise, only three members from the Madheshi Dalit community are represented in the federal parliament while at the provincial level, there is only seven provincial assembly members (one in Province one and six in Madhesh Province). Moreover, in the 2017 municipal elections, the Madheshi Dalit won two mayoral seats, eight deputy mayorships, 76 ward chairs and 249 ward member posts. However, no one from this community is represented in either federal or provincial government. All of this analysis would suggest that the major political parties remain reluctant in terms of making their party structures more inclusive.

## The political exclusion of the Madheshi Dalit community

There are various reasons why the Dalit community remained excluded within political parties and why it continues to be so. Though the political leaderships mindset and approach could be blamed for the low representation of Dalits in the political sphere, following points further define the present situation:

1. Although the Constitution has ensured that this community has the right to proportional representation in political parties as well as the state, political parties, while accepting these provisions in principle, have nevertheless not been successful in terms of implementation, especially in regard to the Madheshi Dalit community who seem to have been totally ignored. Political parties have not been able to establish a conducive environment for them to engage and have not developed policies or programs to combat the multiple levels of discrimination faced by this community. No surprise, therefore, that this community is less willing to engage with political parties to obtain their fundamental rights. In addition, as caste-based discrimination and untouchability are rampant across society, the non-Dalit community is clearly not ready to accept persons from this community within the senior leadership of the main parties. Extreme levels of poverty is another major hurdle for Madheshi Dalits to engage heavily in political parties. The livelihood of most of the Madheshi Dalit is based on the labor-work. Thus, it is hard for them to afford sufficient time for in party activities.

2. Insecurity of the non-Dalit community, on the other hand, specifically in terms of losing power and influence within the political parties by including Dalit leaders, is another reason why Dalit leadership has so far been unable





दलितको प्रतिनिधित्व छ । यसैगरी यही २०७८ कै पुषमा सम्पन्न नेकपा (माओवादी-केन्द्र)को महाधिवेशनले २९९ सदस्यको केन्द्रिय समिति गठन गऱ्यो । तर जम्माजम्मी एकजना मधेसी दलितलाई केन्द्रिय समितिमा समावेश गऱ्यो । यति मात्रै होइन, केन्द्रिय समिति सदस्यमा छनौट गरिएका दलित समुदायभित्र पनि अधिकांश पहाडी दलितकै वर्चश्व रहेको छ । समग्रमा नेपालका राजनीतिक पार्टीहरूले केही दलितलाई निर्णायक तहमा समावेश गरेको भए पनि उनीहरूले मधेसी दलितले भोगेका चुनौतीलाई नजरअन्दाज गर्दै आएको देखिन्छ । यसैगरी संघीय संसद होस् वा प्रदेशसभा, मधेसी दलितको प्रतिनिधित्व अत्यन्तै न्यून मात्रामा छ । संघीय संसदमा तीनजना मधेसी दलितको प्रतिनिधित्व रहेको छ भने सातओटा प्रदेशसभामध्ये प्रदेश १ मा एकजना र मधेस प्रदेशमा छजना गरी जम्मा सातजना मात्रै प्रदेशसभा सदस्य छन् । २०७४ को स्थानीय तह निर्वाचनमा दुईजना प्रमुख र ८ जना उप-प्रमुखका साथै ७६ जना वडा अध्यक्ष र २४९ जना वडा सदस्यका रूपमा मधेसी दलित निर्वाचित भएका थिए । तर, स्थानीय सरकारमा केही मात्रामा भए पनि प्रदेश र संघीय सरकारमा मधेसी दलितको प्रतिनिधित्व छैन । यी सबै तथ्यको विश्लेषणका आधारमा नेपालका प्रमुख राजनीतिक पार्टीहरू पार्टीको संरचनाका साथै सरकारमा पनि मधेसी दलितलाई सहजै समावेश गर्न रूचाउँदैनन् भन्ने देखाउँदछ ।

## मधेसी दलित र राजनीतिक बहिस्करण

राजनीतिक पार्टीले संगठनात्मक संरचनामा दलित समुदायलाई किन बहिष्करण गर्छन् र किन यसले निरन्तरता पाइरहेको छ भनेर हेर्दा यसका विभिन्न कारण देखिन्छन् । विशेषगरी राजनीतिक पार्टीमा दलित प्रतिनिधित्व कम हुनुको मुख्य कारण राजनीतिक नेतृत्वको सोच र पद्धतीलाई मान्न सकिन्छ । वर्तमान परिवेशमा पार्टीमा दलित बहिस्करण हुनुका कारणबारे यहाँ संक्षिप्तमा चर्चा गरिएको छ :

१. संविधानले दलितलाई राजनीतिक पार्टीका साथै राज्यमा समानुपातिक प्रतिनिधित्वको हक हुने सुनिश्चित गरिदिएको छ । राजनीतिक पार्टीहरूले सैद्धान्तिकरूपमा यो व्यवस्थालाई स्वीकार पनि गरेका छन् तर कार्यान्वयनको सवालमा भने पार्टीहरू सफल हुन सकेका छैनन् । दलित समावेशीकरणको कुरा गर्दा विशेषगरी मधेसी दलित समुदायलाई पूर्णरूपमा बेवास्ता गरिएको छ । त्यसैले मधेसी दलित आफ्नो नैसर्गिक अधिकार प्रयोग गर्नका लागि समेत राजनीतिक पार्टीमा आबद्ध हुन चाहिरहेका छैनन् । यस्तो परिवेशका कारण मधेसी दलित पार्टीमा क्रियाशील हुन नचाहेका हुन । यसैगरी समाजमा व्याप्त जातीय विभेद र छुवाछूतको अभ्यासका कारण गैरदलित समुदाय पार्टीमा दलित नेतृत्व स्वीकार गर्न तयार छैन । यस्ता कारणले पनि मधेसी दलित राजनीतिक पार्टी पार्टीमा आबद्ध हुने र सक्रियतापूर्वक लाग्न सकिरहेका छैनन् । यसका साथै गरिबीका कारण पनि उनीहरू सक्रिय राजनीतिमा आबद्ध हुन सकेका छैनन् । राजनीतिक नेतृत्व विकासको अर्को बाधा भनेको चरम गरिबी पनि हो । अधिकांश मधेसी दलितको जीवनयापनका लागि शारीरिक श्रममा संलग्न छन् । त्यसकारण उनीहरू पार्टीका गतिविधिमा समेत समय दिन सक्दैनन् ।

२. मधेसी दलित राजनीतिक नेतृत्वबाट बहिस्करणमा पारिनुको अर्को कारण प्रभुत्वशाली वर्गले सत्ता र प्रभाव गुमाउनु पर्छ भन्ने सोंच पनि हो । पार्टीमा दलितलाई नेतृत्व दिइयो भने राजनीतिकरूपमा असुरक्षित भइन्छ भन्ने सोंच गैरदलित र बलशाली वर्गमा छ । यसले पनि दलितलाई राजनीतिक नेतृत्व सहजै दिईंदैन । त्यसकारण उनीहरू नेतृत्वका रूपमा

to flourish politically. It is self-evident that political parties do not seem ready to provide space to the Madheshi Dalit in leadership positions. The principle of proportional representation also has been ignored by the political parties while they are forming party committees. It also has become a barrier to the Madheshi Dalit to make a strong intervention o n their issues in the political parties.

3. One of the key reasons why political party leaders do engage with this community is to 'bank' votes for their party at election time, rather than helping to resolve issues facing this community or helping them rise into leadership roles.

4. As elections become more expensive, the poverty stricken Madheshi Dalits are unable to challenge the political parties due to their weak economic status. Pushed into a life of poverty, they are unable to move ahead politically as, after all, for someone forced to live under the poverty line cannot be expected to spend millions to represent their own community. For this reason, they have been unable to rise up the political ladder.

5. Madheshi Dalit women face even more exclusion when it comes to holding higher party office. Should political parties be willing to establish Madheshi Dalits in leadership roles, including women, then opportunities for this community to reach higher office will grow. However, as it stands, such a practice is not being implemented in reality.

## Possible areas for reform

To effectively push against the current political, social and economic barriers, political parties, the following areas could be further developed to ensure higher representation of the Madheshi Dalits within all three tiers of the government:

1. Political parties have not prioritized issues and challenges of the Madheshi Dalit community and the Madheshi and Dalit quotas have not been implemented effectively. Hence, their political representation in political parties and different structures of the state need to increase. An increase in their representation will then create a more favorable environment to run for higher positions. Thus, political parties must prioritize the key agendas of the Madheshi Dalit community and develop concrete strategies to deal with their problems and build their political leadership capacities.

2. Political parties need to develop policies and provisions to ensure the effective proportional representation of this community. Similarly, the





स्थापित हुन सकिरहेका छैनन् । अर्कोतिर राजनीतिक दलको नेतृत्व पनि मधेसी दलितलाई नेतृत्वदायी भूमिका दिन तयार छैनन् । त्यसकारण मधेसी दलित राजनीतिक पार्टीमा स्वतः बहिस्कृत हुने अवस्था सिर्जना भएको छ । यसैगरी राजनीतिक पार्टीले विभिन्न समिति गठन गर्दा समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा सबैलाई समेट्नु पर्ने हो । तर, यसरी समिति गठन गर्दा पनि मधेसी दलितलाई नजरअन्दाज गरिँदै आएको छ । यस्तो परिस्थितिमा मधेसी दलितले राजनीतिक पार्टीमा आफ्नो सवाल हस्तक्षेपकारी ढङ्गले राख्न बाधा उत्पन्न भएको छ ।

३. राजनीतिक पार्टीहरू मधेसी दलितले भोगिरहेका समस्या वा सरोकार समाधान वा सम्बोधन गर्न मधेसी दलितसम्म पुग्ने गरेको देखिँदैन । उनीहरू केबल आफ्नो नेतृत्वदायी भूमिका बढाउन सहयोग पुग्ने भएका कारण मात्रै मधेसी दलितको सम्पर्कमा पुग्छन् । विशेषगरी राजनीतिक पार्टीहरू निर्वाचनको समयमा मधेसी दलितलाई 'भोट बैंक' बनाउन चाहन्छन्, त्यसैले उनीहरू मधेसी दलितको सम्पर्कमा पुग्ने गर्छन् ।

४. नेपालमा निर्वाचन निकै खर्चिलो हुँदै गइरहेको छ । यस्तो अवस्थामा गरीबिको मारमा रहेका मधेसी दलितले निर्वाचनमा सहभागी हुन सक्दैनन् । कमजोर आर्थिक हैसियतकै कारण उनीहरू राजनीतिक पार्टीलाई चुनौती दिएर अवसर लिन सक्दैनन् । चरम गरिबीसँग मुकाबिला गरिरहेका मधेसी दलितले निर्वाचनमा सहभागीताका लागि धेरै ठूलो रकम खर्च गर्न सक्दैनन् । त्यसैले राजनीतिकरूपमा अगाडि बढ्न उनीहरूलाई सहज छैन । विशेषगरी आर्थिक समस्याका कारणले पनि उनीहरू राजनीतिक यात्रामा अगाडि बढ्न सकिरहेका छैनन् ।

५. राजनीतिक पार्टीभित्र पद प्राप्त गर्ने सवालमा मधेसी दलित महिलाले झन् बढी बहिष्करणमा छन् । राजनीतिक पार्टीले मधेसी दलित महिलालाई पार्टीको नेतृत्वदायी भूमिकामा स्थापित गराउन चाहेको खण्डमा उनीहरू पार्टी नेतृत्वको रूपमा स्थापित हुन सक्छन् । तर, राजनीतिक पार्टीहरू यस्तो प्रयत्न गर्ने मनस्थितिमा समेत देखिँदैनन । वास्तवमा पार्टीहरू मधेसी दलित महिलाको नेतृत्व स्थापित गर्न खासै रूचि राख्दैनन् भन्ने स्पष्ट देखिएकै छ ।

## सुधारका लागि सम्भावित क्षेत्र

मधेसी दलितको राजनीतिक प्रतिनिधित्व बढाउनका लागि मूलतः मधेसी दलितले भोगिरहेका राजनीतिक, सामाजिक र आर्थिक बाधा पन्छाउनु पर्छ । यसैगरी राजनीतिक पार्टीसँगको संघर्षलाई प्रभावकारी बनाउँदै लैजानु पर्छ भने तीनै तहमा सरकारमा मधेसी दलितको प्रतिनिधित्व सुनिश्चित गरिनुपर्छ । मधेसी दलितमाथिको बहिस्करणको अन्त्य गर्दै प्रतिनिधित्व सुधारका लागि गर्न सकिने केही सुधारका विधिबारे यहाँ चर्चा गरिएको छ :

१. राजनीतिक पार्टीहरूले मधेसी दलितको सवाल र उनीहरूले भोगिरको चुनौती समाधान गर्ने कुरा प्राथमिकतामा राखेका छैनन् । उदाहरणका लागि मधेसी वा दलित कोटामा मधेसी दलित पर्ने गरेका छैनन् । ती दुवै कोटामा मधेसी दलितले अत्यन्तै कम मात्रामा प्रतिनिधित्व गर्न पाएका छन् । तसर्थ, राजनीतिक पार्टी र राज्यका विभिन्न संरचनामा उनीहरूको राजनीतिक प्रतिनिधित्व बढाउने नीतिगत व्यवस्था गरिनु पर्छ । यसले मधेसी

principle of proportional inclusion and its norms need to be well placed throughout all party policies. The effective implementation of proportional inclusion will help to provide much-needed representation for these communities. This will further enable persons from the community to rise politically within their parties and represent their community. Madheshi Dalits have been demanding that proportional representation is ensured in all sectors of the state.

3. Political wings formed within the party to support the Dalit community also have a poor representation of Madheshi Dalits. In particular, political Dalit wings established for the Dalit community, should not be limited to hill Dalit, and needs to play a more influential role in assigning responsibilities, together with the Madheshi Dalit community. The right to proportional representation should be applied throughout the Dalit community, which will then create political space for the Madheshi Dalit community as well.

4. The Madheshi Dalit community need to continue to campaign to achieve their constitutional and legally conferred rights. Exclusion against the community will continue until they strategically raise their issues and concerns with the leadership of political parties. Therefore, it is necessary for the leadership of the Madheshi Dalit community to more effectively campaign on behalf of those they represent to ensure representation of their community, both within political parties and across the state system.

## Conclusion

The Dalit community, in general, has faced political exclusion, deprivation from economic opportunities, and extreme levels of discrimination based on their caste. In particular, the Madheshi Dalits have faced a higher level of exclusion and discrimination in comparison to the hill Dalits, while also struggling against linguistic and geographic domination as most of them reside in Madhesh and Lumbini Provinces, and speak specific local languages.

Such multi-dimensional discrimination and exclusion must end for Madheshi Dalits to live a dignified life. In particular, political parties need to push for special provisions and policies for Dalits and Madheshi Dalits, and also be responsible for developing a new political culture, one that accepts everyone as 'Nepali', who can safely practice their fundamental rights with dignity as per the spirit of the Constitution. Furthermore, party leaders need to deliver on the promises made to the Madheshi Dalit community in regard to enjoying a free and fair society, without discrimination and hatred. Similarly, the Dalit rights organizations also





दलितको राजनीतिक पार्टीका उच्च पदमा लड्न सक्ने उचित वातावरण सिर्जना गर्नेछ । यसैगरी राजनीतिक पार्टीले मधेसी दलितका आधारभूत सवाललाई प्राथमिकता दिनुपर्छ भने उनीहरूका समस्या हल गर्ने ठोस रणनीतिको पनि विकास गर्नुपर्छ । यस्तो रणनीतिको कार्यान्वयनले मधेसी दलितको राजनीतिक नेतृत्व गर्ने क्षमताको निर्माण गर्न सघाउँछ ।

२. राजनीतिक पार्टीले यो समुदायको समानुपातिक र प्रभावकारी प्रतिनिधित्व सुनिश्चितता गर्ने नीति र प्रावधान निर्माण गर्नुपर्छ । यसैगरी समानुपातिक समावेशी सिद्धान्त र यसका मान्यतालाई पार्टीका सबै नीतिमा समावेश गरिनुपर्छ । किनभने समानुपातिक समावेशिताको प्रभावकारी कार्यान्वयनले मात्रै मधेसी दलितले पार्टीका महत्वपूर्ण पदमा प्रतिनिधित्व गर्ने मौका पाउन सक्छन् । यसका साथै उनीहरू आबद्ध भएका पार्टीले मधेसी दलितलाई राजनीतिकरूपमा अगाडि बढाउन र समुदायको प्रतिनिधित्व गर्न सक्ने बनाउन पनि सघाउँछ । उति मात्रै होइन, मधेसी दलितले राज्यका सबै अङ्गमा समानुपातिक प्रतिनिधित्वको माग गरिरहेका छन्, यो मुद्दालाई पनि राजनीतिक पार्टीले सम्बोधन गर्नुपर्छ ।

३. पार्टीभित्र गठन गरिएका विभिन्न राजनीतिक संगठनमा पनि मधेसी दलितको प्रतिनिधित्व कमजोर छ । विशेषगरी पार्टीको दलित भातृसंगठनमा पहाडी दलितको मात्रै वर्चश्व रहेको छ । यस्ता संगठन निर्माण गर्दा मधेसी दलितलाई पनि अनिवार्य रूपमा समावेश गरिनुपर्छ भने जिम्मेवारीको बाँडफाँड गर्दा पनि मधेसी दलितलाई समानुपातिक हिस्सेदारी दिइनुपर्छ । यति मात्रै होइन, दलितले दाबी गर्ने वा प्राप्त गर्ने राजनीतिक अवसरका पदहरूमा पनि पहाडी र मधेसी दलितले समानुपातिक अधिकारको प्रयोग गर्न पाउनु पर्छ ।

४. मधेसी दलितले संवैधानिक र कानुन प्रदत्त अधिकार प्राप्तिको अभियानलाई निरन्तरता दिनुपर्छ । यो समुदायले आफ्नो सवाल र सरोकार राजनीतिक पार्टीका नेतृत्वसँग रणनीतिकरूपमा उठाउनु पर्छ । यसरी राजनीतिकरूपमा मधेसी दलितका मुद्दा नउठाउँदासम्म उनीहरूमाथिको बहिष्करणले निरन्तरता पाउनेछ । त्यसैले राजनीतिक पार्टी र राज्यका सबै संयन्त्रमा मधेसी दलितको प्रतिनिधित्व सुनिश्चित गर्न मधेसी दलित समुदायका नेतृत्वले सशक्त र प्रभावशाली अभियान सञ्चालन गर्न आवश्यक छ ।

## निष्कर्ष

दलित समुदायले राजनीतिक बहिष्करण, आर्थिक अवसरबाट बञ्चितिकरण र दैनिकरूपमा जातकै आधारमा चरम विभेद भोगिरहेका छन् । विशेषगरी पहाडी दलितले भन्दा मधेसी दलितले तुलनात्मकरूपमा चरम विभेद र बहिष्करणको सामना गरिरहेका छन् । अधिकांश मधेसी दलित मधेस र लुम्बिनी प्रदेशमा बसोबास गर्छन् । उनीहरूको आफ्नै भाषा र संस्कृति छ । त्यसैले जातीय र वर्गीय आधारमा मात्रै होइन, भाषिक, सांस्कृतिक र क्षेत्रीय आधारमा पनि विभेदमा पारिएका कारण यस्ता विभेद र थिचोमिचोविरूद्ध समेत संघर्ष गरिरहेका छन् ।

मधेसी दलितले आत्मसम्मानपूर्ण जीवन जिउनको लागि बहु–आयामिक विभेदको सामना गरिरहेका छन् भने सबैतिर बहिष्करणमा पारिएका छन् । उनीहरूमाथिका यस्तो विभेदको अन्त्य हुनुपर्छ । विशेषगरी राजनीतिक पार्टीले दलित र मधेसी दलित दुवैको अधिकार स्थापित गर्न

need to come together as one with a common voice and objective, raising issues and challenges faced by the community, and strategically placing themselves within political parties to make their voices better heard. Such an approach will not only amplify their standing on a national platform, but will also support in increasing Madheshi Dalit participation within political parties and the state.



आवश्यक विशेष नीतिगत व्यवस्था गर्न जोड दिनुपर्छ । यसैगरी सबैलाई समान 'नेपाली'को रूपमा स्वीकार वातारण निर्माण गर्नुपर्छ । सबैले संवैधानिक मर्मअनुसार नैसर्गिक अधिकारको अभ्यास गर्ने र आत्मसम्मानका साथ त्रास, डर वा धम्कीबिना प्रयोग गर्न पाउने राजनीतिक व्यवस्था गरिनुपर्छ । यसका लागि राजनीतिक पार्टीले पनि सोही किसिमको राजनीतिक प्रणाली र संस्कारको विकास गर्न जिम्मेवार हुनुपर्छ । यसका साथै राजनीतिक पार्टीका नेताहरूले मधेसी दलितसँग बिगतदेखि हुँदै आएको विभेद र घृणाको अन्त्य गर्दै समानता, स्वतन्त्र र न्यायिकमा आधारित समाज निर्माण गर्न बिगतमा गरेका वाचा पूरा गर्नुपर्छ । यसैगरी दलित अधिकारका क्षेत्रमा क्रियाशील संस्थाले पनि एकीकृतरूपमा आवाज उठाउनु पर्छ । मधेसी दलितले भोगेका समस्या र चुनौती सशक्तरूपमा उठाउँदै राजनीतिक पार्टीमा ती सरोकारलाई प्राथमिकीकरण गर्न र सम्बोधन गर्नका लागि उचित रणनीतिक लिन दबाब दिनुपर्छ । यसरी मधेसी दलितका सवाललाई राष्ट्रियस्तरमै सशक्तरूपमा उठाउन सकेको खण्डमा त्यसले राजनीतिक पार्टी र राज्यमा मधेसी दलितको सहभागिता बढाउन पनि सहयोग गर्नेछ ।

# The Continuous Exclusion of Dalits in Political Parties

■ Sushil BK

## Introduction

The main political forces in a democratic state are political parties, whose leadership identifies core public concerns and develops the necessary policies to address them. This is why the participation of Dalits in the leadership of political parties is pivotal as only then will they be able to enter the sphere of parliament and government, and formulate policies to end the discrimination faced by their community. Their representation in key decision-making positions can play a vital role in formulating party's policy and programs to resolve the problems they face.

Over the last six-months, the CPN-UML, NC, CPN-MC and Rastriya Prajatantra Party (RPP) have all completed their respective party conventions with almost all of them re-electing their current leaders. While these activities are an opportunity to assess the political situation, each event seemed to simply go through the usual formalities. For example, key strategic documents were approved without any real debate, with many long-standing policy issues not even raised, including to do with the inclusion of marginalized groups. While each party has ensured the principle of proportional representation as stated in the Constitution, they have nevertheless failed to elect their leaders on the basis of this principle. Although they have attempted to make themselves more inclusive, in reality, they have not become inclusive in a way that would transform internal power-relations. Despite comprising 13 percent of the population, the Dalit community remains politically under-represented. Hence, this article will assess the level of inclusion practiced by political parties.

## The difference between acceptance in theory and practice

Almost all political parties have accepted the principle of inclusion and the proportional representation of all communities, as ensured in the 2015







# राजनीतिक पार्टीमा दलित : बहिस्करणको निरन्तरता

■ सुशील विके

## पृष्ठभूमि

लोकतान्त्रिक राज्य व्यवस्थामा राजनीतिको मुख्य शक्ति भनेका राजनीतिक पार्टीहरू नै हुन् । यस्तो व्यवस्थामा राजनीतिक पार्टीको नेतृत्वले जनसरोकार महत्वपूर्ण सवालको पहिचान गर्छन् भने ती सरोकार सम्बोधन गर्ने उद्देश्यअनुरूप राज्यका आवश्यक नीति निर्माण गर्छन् । त्यसैले गर्दा दलित सरोकार सम्बोधन गर्नका लागि राजनीतिक पार्टीको नेतृत्वमा दलितको प्रतिनिधित्व महत्वपूर्ण हुन्छ । राज्यको मुख्य नीति बनाउने थलो संसद होस् वा कार्यान्वयन गर्ने सरकारका प्रतिनिधि राजनीतिक पार्टीबाटै निर्वाचित हुन्छन् । त्यसैले राजनीतिक प्रक्रियाबाट नीति बनाउने र कार्यान्वयन गर्ने स्थानमा दलित पुगेको खण्डमा मात्रै समुदायले भोगेका विभेद अन्त्य गर्ने नीति निर्माण गर्न सक्छन् । यसैगरी पार्टीको प्रमुख पदहरूमा दलितको प्रतिनिधित्व भयो भने दलितले भोगिरहेका समस्या समाधानका लागि पार्टीलाई आवश्यक नीति बनाउन र कार्यक्रमको तर्जुमा गर्न दलमा महत्वपूर्ण भूमिका खेल्न सक्छन् । तर, राजनीतिक दलहरूले दलित प्रतिनिधित्वलाई त्यो उचाइबाट सोच्ने गरेको देखिँदैन ।

२०७८ सालको अन्त्यतिर नेकपा (एमाले), नेपाली कांग्रेस, नेकपा (माओवादी–केन्द्र) र राष्ट्रिय प्रजातन्त्र पार्टीले महाधिवेशन सम्पन्न गरेका छन् । सबैजसो पार्टीले केन्द्रिय नेतृत्वमा प्रायजसो पुरानै व्यक्तिलाई पुनःनिर्वाचित गरेका छन् । यसैगरी महाधिवेश मूलतः राजनीतिक परिस्थितिको मुल्याङ्कन गर्ने र आगामी कार्यदिशा प्रष्ट्याउने एउटा महत्वपूर्ण अवसर हो । तर, माथि उल्लेखित सबैजसो पार्टीले महाधिवेशनलाई औपचारिकतामा मात्रै सीमित गरेको देखियो । उदाहरणको लागि महाधिवेशनमा प्रस्तुत गरिएका पार्टीको दृष्टिकोणका सवालमा गम्भीर छलफल हुनुपर्थ्यो । ती राजनीतिक दस्तावेजमाथि कुनै ठोस बहस भएन । गम्भीर बहस गर्नुपर्ने रणनीतिक दस्तावेज पनि छलफल नै नगरी अधिवेशनबाट पारित गरियो । सिमान्तीकृत समुदायको समावेशीकरण सम्बन्धी सवाल लामो समयदेखि उठिरहेको छ । तर, ती अधिवेशनमा यो सवालमा कुनै किसिमको नीतिगत बहस वा छलफल समेत गरिएन । प्रत्येक पार्टीले संविधानमा उल्लेख गरिएबमोजिम समानुपातिक समावेशी सिद्धान्तलाई स्वीकार गरेका छन् । नेतृत्व चयनका क्रममा ती राजनीतिक दलहरूले समावेशीकरण सम्बन्धी सिद्धान्तको कार्यान्वयन नै गर्न चाहेनन् । पार्टीहरूले संगठनात्मक संरचनालाई केही हदसम्म समावेशी बनाउने कोशिश गरेको देखिन्छ । यस्ता सामान्य प्रयत्नले वास्तवमा समावेशीकरणका ती प्रयत्न पार्टीको असमावेशी र असमान शक्ति–सम्बन्धको रूपान्तरण

Constitution, and claim that their party's respective general conventions are inclusive. Yet, in reality, they are not practicing what they preach. According to the Dignity Initiative, only 8.5 percent of delegates to the last CPN-UML convention were Dalits with only 6.73 percent of its elected central committee coming from this community. Of the NC's convention delegates, only 7.31 percent were Dalits with this community making up only 7.4 percent of its central and executive committees. Finally, of the delegates who participated in the CPN-MC's convention, Dalit representation was only 9.38 percent and only 9.76 percent in their central committee. This demonstrates that political parties are unable to convert their acceptance of proportional inclusion into practice. However, when they do receive representation, Dalit community's leaders are rarely ever assigned with any substantial duties.

## An attack on the spirit of inclusion

Nepali society has largely practiced discrimination based on gender, caste, ethnicity, language, religion, and culture. Persons from different marginalized groups have certainly not been addressed by political parties in terms of their leadership roles, policy and program formulation and delivery. The greater representation of Dalits in parties would help to support the process of reform within a party, and also help to connect the party with different marginalized groups. While their issues have been pushed forward within parties to some extent, they have not been seriously discussed as a whole. As a result, the daily challenges they encounter remain unresolved. At present, parties also do not have any substantive plans to build the leadership capacities of Dalits. Even when persons from this community are brought into the party leadership, they are often sidelined. Political parties, hence, need to understand that Dalit representation in parties should be on the basis that they will be able to represent their community's interests.

## Whose quota is an open seat?

Party leaderships, unwilling to recognize Dalits as party leaders, obstruct the entry of new competent leaders and have limited the community's representation only to the quotas provided. Only handpicked individuals who have reached a senior position within the party or the state are selected to serve in Dalit quotas. This hinders participation of the Dalit community and beats the purpose of the quota system. To resolve this, political parties need to develop policy provisions through which Dalits can also compete in the open seat category, while using the quotas to provide opportunity to new individuals yearning to join politics. Given the opportunity, Dalit representatives could increase within the party structure and the state.





गर्न सक्ने किसिमको छैन । दलित समुदायले नेपालको कूल जनसंख्याको १३ प्रतिशत हिस्सा ओगट्छन् तर उनीहरूको राजनीतिक प्रतिनिधित्व जनसंख्याको अनुपातभन्दा धेरै कम छ । यो लेखमा राजनीतिक पार्टीले दलित समावेशीताको अभ्यास कसरी गरिरहेका छन् भन्ने समीक्षा गर्ने कोशिश गरिएको छ ।

## सैद्धान्तिक स्वीकार्यता र अभ्यासबीचको भिन्नता

नेपालको संविधान, २०७२ को संविधानले सुनिश्चित दलितको समानुपातिक समावेशीकरण स्वीकार गरेको छ । यहाँका सबैजसो राजनीतिक पार्टीले पनि सैद्धान्तिकरूपमा सबै समुदायको समानुपातिक प्रतिनिधित्वको प्रणालीलाई स्वीकार गरेका छन् । यति मात्रै होइन, प्रायजसो राजनीतिक पार्टीहरू समावेशी भएको दाबी पनि गर्छन् । तर, वास्तवमा ती राजनीतिक पार्टीको अभ्यास हेर्ने हो भने उनीहरूले समानुपातिक प्रतिनिधित्वको अभ्यास नगरेको तथ्यहरूले पुष्टी गर्छ । डिग्निटी इनिसिएटिभको अध्ययनअनुसार २०७८ मा सम्पन्न नेकपा (एमाले)को महाधिवेशनमा दलित समुदायका जम्मा ८.५ प्रतिशत मात्रै प्रतिनिधित्व रहेको थियो । यसैगरी सोही अधिवेशनबाट निर्वाचित केन्द्रिय समितिमा दलितको प्रतिनिधित्व जम्माजम्मी ६.७३ प्रतिशत मात्रै रहेको छ । अर्को ठूलो दल नेपाली कांग्रेस अवस्था पनि यो भन्दा फरक छैन । नेपाली कांग्रेसको महाधिवेशन प्रतिनिधिमध्ये दलित समुदायको प्रतिनिधित्व ७.३१ प्रतिशत थियो । कांग्रेसको केन्द्रिय र कार्यकारी समितिमा गरी दलित प्रतिनिधित्व ७.४० प्रतिशत मात्रै छ । नेकपा (माओवादी-केन्द्र)को अवस्था पनि कांग्रेस र एमालेभन्दा खासै फरक छैन । माओवादी-केन्द्रको महाधिवेशनमा सहभागी प्रतिनिधिमध्ये दलितको प्रतिनिधित्व ९.३८ प्रतिशत थियो । माओवादीको केन्द्रिय समितिमा पनि दलितको प्रतिनिधित्व ९.७४ प्रतिशत छ । यो तथ्यले राजनीतिक पार्टीहरूले सैद्धान्तिकरूपमा स्वीकार गरेको समानुपातिक समावेशीको व्यवहारिक अभ्यास अहिले पनि गरिरहेका छैनन् भन्ने प्रष्ट पार्छ । यसरी पार्टीको प्रतिनिधि र केन्द्रिय समितिमा केही मात्रामा दलितको प्रतिनिधित्व भएको देखिए पनि पार्टीको उच्च नेतृत्वमा दलितको प्रतिनिधित्व अत्यन्तै थोरै छ भने दलित नेतृत्वलाई ठोस जिम्मेवारी पनि खासै नदिइने गरेको पाइन्छ ।

## समावेशीकरणको मर्ममै प्रहार

नेपाली समाज विभेद र बहिस्करणमा आधारित समाज हो । त्यसैले यहाँ लिङ्ग, जातजाति, भाषा, धर्म, संस्कृति आदिका आधारमा बहुआयामिक अन्तरविरोध छन् । विशेषगरी यस्ता अन्तरविरोधको हल गर्न राजनीतिक पार्टीहरूले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने हो । यस्ता गलत अभ्यासविरुद्ध पार्टीको नीति र कार्यक्रम तयार गरी कार्यान्वयनमा लैजानु पर्ने हो । यद्यपि, पार्टीहरूले यस्ता समस्या सम्बोधनका प्रयास गरिरहेका छैनन् । राजनीतिक पार्टीमा दलितको अर्थपूर्ण प्रतिनिधित्वले दलित मुद्दामा पार्टीभित्र आवश्यक सुधार ल्याउन सघाउँछ । यसैगरी सिमान्तकृत समुदायलाई पार्टीसँग जोडिन उत्प्रेरित गर्छ । नेपालका राजनीतिक पार्टीले एक हदसम्म दलित समुदायलाई पार्टीको नेतृत्वमा समावेश गर्दै आइरहेका छन् तर पनि दलितको समग्र समस्या समाधान गर्ने सवालमा पार्टीभित्र बहस र छलफल समेत हुने गरेको देखिँदैन । यसैको परिणामस्वरूप दलित समुदाय र राजनीतिक पार्टीमा आबद्ध दलित नेतृत्वले पनि विभिन्न किसिमका चुनौतीको सामना गरिरहनु परेको छ । यी समस्या हल गर्न पार्टीको संरचनामा सबैभन्दा पछाडि पारिएका दलित समुदायको प्रतिनिधित्व हुनुपर्छ र जुन समुदायले समस्या भोगिरहेको छ सोही वर्ग र समुदायका सवाललाई पार्टीले नेतृत्व निर्माण, नीति तथा

It is interesting to analyze the use of reservations and/or the quota system within parties. In the present context, certainly, relatives or individuals with close ties to senior party leaders, including the wealthy business class, are entering the echelons of the party through the reservations process. Therefore, we can observe that the process of reservations, originally aimed at the most historically oppressed, are now being used extensively by these new groups. Such a practice surely goes against the whole principle of reservations.

As political parties are negating the issues and challenges facing Dalits, this community is being robbed of their political rights. Such practices disrespect the principle of inclusion. Likewise, almost all of the open seats are controlled by the Khas/Arya and ruling elites, despite the fact that the quota system was meant for marginalized groups with a 2021 Supreme Court ruling making it very plain that class and caste should not be taken as criteria. Political parties are excluding persons from marginalized communities from entering the open seat category and, as a result, no one from the Dalit community was elected in the NC general convention, while very few Dalits were selected via the open category in the conventions of the CPN-UML and CPN-MC. In short, many Dalit political leaders who have contributed the most to the party, who shed 'blood, sweat and tears' for the party are now made dependent on quota only because they belong to a certain community. This is another injustice.

## The consequences of weak Dalit representation

The current weak political representation of Dalits means that political parties remain non-Dalit-friendly. It will be impossible to make each of the parties inclusive until Dalit representatives reach the party policy formulation level. Similarly, parties will be unable to formulate substantive policies and programs to effectively address discrimination, which will further obstruct their journey in establishing social justice within the society. This has affected the ability of this community to enjoy its political rights. If political parties are unable to address the Dalit agenda in a timely manner, they will maintain only the status quo, with a possible danger of it becoming the 'protector' of traditional discrimination.

## The challenges of Dalit representation

Dalit political representation is challenging because of the orthodox mindset, ideology, and culture of the mainstream political parties demonstrating their inability to free themselves from the caste-based system. Parties seem disinterested in resolving the inter-conflict between principle and practice





रणनीति निर्माण र कार्यक्रम तय गर्ने स्थानमा पुऱ्याउन जरूरी छ । तर, पार्टीमा दलित समुदायको नेतृत्व विकास गर्ने भन्दा पनि स्थापित भइसकेका नेतृत्वलाई समेत विभिन्न बाहाना किनारा लगाउने प्रयत्न भइरहेका छन् । पार्टीका कतिपय नेतृत्वबाट हुने यस्तो व्यवहार दलित समुदायमाथिकै घात हुने गरेको छ । पार्टीमा आबद्ध दलित समुदायको नेतृत्वले स्वभाविकरूपमा समुदायको सरोकारको कुरा उठाउँछन् र ती सवाललाई पार्टीले जिम्मेवारीपूर्वक सम्बोधन गर्नुपर्ने भन्ने बोध पार्टीका नेतृत्वलाई हुन जरूरी छ ।

## खुल्ला सिट कसको कोटा ?

पार्टीमा लामो समय योगदान दिएका दलित नेतृत्वलाई पार्टीको नेतृत्वको रूपमा स्वीकार गरिनुपर्छ । तर राज्यको वा पार्टीको माथिल्लो तहमा पुगेका वा राजकीय जिम्मेवारी प्राप्त गरेका व्यक्तिलाई नै पार्टीहरूले दलितको आरक्षण कोटाबाट प्रतिनिधि बनाउने गरेको देखिन्छ । लामो समय पार्टीमा क्रियाशील दलित समुदायका नेताहरू नै बारम्बार कोटामा आउनु गलत हो । एकातिर, पार्टी नेतृत्व दलितलाई दलितकै कोटामा सीमित गर्छ चाहन्छन् भने अर्कोतिर गैरदलितले दलितलाई नेताका रूपमा सहजै स्वीकार नगर्ने भएका कारण दलित नेतृत्व कोटाबाटै सुरक्षित हुन चाहन्छन् । यसले दलित समुदायका पार्टीमा क्रियशील, क्षमतावान र नयाँ अनुहारलाई पार्टीको माथिल्लो स्थान प्रवेशमा बाधा पुऱ्याउँछ । यस्तो अभ्यासले नयाँ नेतृत्व स्थापित हुनबाट रोक्छ । पार्टी र राज्यका निकायमा समावेशीताको नाममा केही निश्चित व्यक्तिलाई मात्रै दलितका नाममा कोटा दिने परिपाटी पनि गलत छ । यो दलित समुदायको सहभागिता र कोटा प्रणालीको उद्देश्यविपरित छ । त्यसैले पार्टीले नै स्थापित नेतृत्वलाई खुल्लाबाटै केन्द्रिय नेतृत्वमा पुऱ्याउने र नयाँ व्यक्तिलाई कोटाबाट अवसर दिने नीतिगत व्यवस्था गर्नुपर्ने हुन्छ । तर, पार्टीहरूसँग यस्ता विषयलाई कसरी हेर्ने भन्ने दृष्टिकोणको अभाव छ । यो विधिलाई अवलम्बन गर्न सकेको खण्डमा दलित समुदायको पार्टीको संरचना र राज्य दुवैतिर प्रतिनिधित्व बढ्न सक्ने देखिन्छ ।

अर्कोतिर पार्टीमा आरक्षण वा कोटाबाट को आइरहेका छन् भन्ने विश्लेषण रोचक छ । जस्तो कि पार्टीमा शीर्ष नेतृत्वको अफन्त वा निकट रहेका व्यक्ति, सम्भ्रान्त, धनाड्य, व्यापारी आदिले पार्टीमा आरक्षणबाट नेतृत्व लिइरहेका छन् । ऐतिहासिकरूपमा उत्पीडनमा पारिएका समुदायलाई दिइएको आरक्षणमा तिनै सम्भ्रान्त व्यक्तिहरूले प्रयोग गर्नु आरक्षणको सैद्धान्तिक मान्यता विपरित छ ।

यसरी राजनीतिक पार्टीहरूले दलितका सवाल र चुनौतीको अवमूल्यन गरिरहेका छन् । यति मात्रै होइन, आरक्षणको प्रभावकारी अभ्यास नहुँदा दलितको राजनीतिक अधिकार खासिएको छ भने उनीहरूमाथि थप अन्याय भइरहेको छ । पार्टीहरूको यस्तो अभ्यास समावेशीकरणको सिद्धान्तकै अपमान र वर्खिलाप भएको देखिन्छ । यस्तै विचारलाई वैधता दिनेगरी सर्वोच्च अदालतले २०७८ साउनमा गरेको सर्वोच्च अदालतले आरक्षण जातीय आधारमा नभइ वर्गीय र आवश्यकताको आधारमा दिनुपर्ने फैसला गरेको थियो । अर्कोतिर, दलित र सिमान्तीकृत समुदायलाई छुट्याइएको बाहेक सबैजसो खुला सिट खसआर्य र शासक वर्गको नियन्त्रणमा छ । राजनीतिक पार्टीहरूले पनि बहिस्करण र सिमान्तीकृत समुदायलाई खुल्लातर्फ प्रवेश नै गर्न नदिने भूमिका पार्टीहरूले खेलिरहेका छन् । यसैको परिणाम गत महाधिवेशनमा नेपाली कांग्रेसमा दलित समुदायका एकजना पनि खुल्ला सिटबाट निर्वाचित हुन सकेनन् भने नेकपा (एमाले) र नेकपा (माओवादी-केन्द्र)मा अत्यन्तै थोरै

to make themselves more inclusive and end caste-based discrimination. In particular, higher-caste ego and orthodox mindsets are still prevalent in the leaderships of these parties who seem unwilling to accept Dalits into their ranks. This mindset is also obstructing the entry of Dalits into the party as well as their opportunities to acquire political promotion within the higher levels of the party. Instead, parties seem to be more interested in offering superficial representation only to this community. As a result, an environment against the establishment of Dalit leadership, therefore, continues to be maintained.

## Conclusion

The Dalit community is placed at the bottom of society due to the state's discrimination and exclusion and, as such, cannot commit the time and money to political parties. In addition, elections have become exuberantly expensive, which further discourages their participation. Moreover, Dalit leaders are not being assigned with key responsibilities within a party and are limited to the party wings only. Without such limitations, their relationship within the party would increase, strengthen public relations and ensure a positive impact on leadership development. However, as it stands, it is difficult for Dalit leaders to reach party's leadership with those who do reach such positions finding it difficult to work.

To see the more meaningful representation of Dalits, all state structures need to practice inclusivity and end all forms of discrimination, including untouchability. Political parties also need to implement policies, strategies and programs to emancipate the Dalit community so that their concerns are addressed. In particular, they need to amend legislation relating to political parties to ensure the meaningful participation of Dalits. The proportional representation system, in line with the Constitution, also needs to be implemented in full. Similarly, they need to amend their party statutes to ensure their proportional representation, especially at a policy level. Finally, parties should also provide training to develop the leadership skills of the Dalit community, while also assigning them with leadership roles at the local level.

As the Dalit community's economic situation has historically been weak, political parties need to develop policies to improve their situation first and then assign them with state level duties. In line with the Constitution, which grants rights to the Dalit community through the quota system, continuous dialogue needs to take place between party wings, parliamentarians and the party leaders. Parties also have to create a favorable environment for





दलित खुलातर्फबाट छानिएका छन् । संक्षेपमा उल्लेख गर्दा पार्टीमा अत्यधिक योगदान गरेका, रगत र पसिना बगाएका नेतालाई दलित समुदायको भएकै कारण कोटामै आश्रित गराउनु उनीहरूप्रतिको अर्को अन्याय हो ।

## कमजोर दलित प्रतिनिधित्वको परिणाम

राजनीतिक दलमा दलित समुदायको कमजोर प्रतिनिधित्व हुनु भनेको दललाई दलितमैत्री बनाउन नसक्नु पनि हो । जबसम्म पार्टीको नीति निर्माणमा हस्तक्षेप गर्ने दलित प्रतिनिधि पार्टीको नीति निर्माण गर्ने स्थानमा पुग्दैन तबसम्म पार्टीसत्ताका विभिन्न निकायलाई समावेशी बनाउन असम्भव छ । यस्तो अवस्था रहँदासम्म राजनीतिक पार्टीले विभेद अन्त्यका लागि ठोस नीति र कार्यक्रमको तर्जुमा गर्न सक्दैनन् भने पार्टीलाई दलितमैत्री पनि बनाउन सक्दैनन् । यसले सामाजिक न्याय स्थापित गर्ने र समानतामुलक समाज स्थापना गर्ने यात्रामा समेत बाधा पुऱ्याउँछ । यसका साथै दलित समुदायको राजनीतिक अधिकार प्राप्ति, सामाजिक हैसियत वृद्धि गर्ने जस्ता काममा पनि असर पुग्छ । यदि राजनीतिक पार्टीहरूले समयमा यो विषयमा गम्भीर भएर उचितरूपमा दलित मुद्दालाई सम्बोधन गर्न सकेनन् भने ती पार्टी झन-झन यथास्थितिवादी हुने र परम्परागत विभेदकारी शक्तिकै संरक्षक बन्ने वा दलितविरोधी बन्ने खतरा हुन्छ ।

## दलित प्रतिनिधित्वको चुनौती

दलहरूमा रहेको पुरातन सोँच, विचार, व्यावहार र संस्कृतिमा रूपान्तरण हुन नसक्दा वा जातीय विभेदबाट मुक्त हुन नसक्दा पार्टीहरूमा दलित प्रतिनिधित्व चुनौतिपूर्ण बनिरहेको छ । जातीय विभेद अन्त्य गर्ने र समावेशी राजनीतिक पार्टी बनाउने सिद्धान्त र व्यवहारबीचको अन्तरद्वन्द्व हल गर्न चासो नदिनु राजनीतिक दलले नै दलित नेतृत्वमाथि पारेको एउटा समस्या हो । यसैगरी दलहरूमा रहेको उच्चजातीय अहंकार र पुरातनवादी सोँचका कारण दलितको नेतृत्व स्वीकार गर्न सकेको देखिँदैन । यो सोचले दलितलाई पार्टीमा प्रवेश गर्न, केन्द्रीय नेतृत्वमा पुग्न, उचित जिम्मेवारी प्राप्त गर्ने र समग्रतामा पार्टीको नेतृत्वका रूपमा स्थापित हुनका लागि बाधा पुऱ्याइरहेको छ । बरु पार्टीहरू दलितको समावेशीकरण समग्र पार्टीलाई दलितमैत्री बनाउने र समाज रूपान्तरण गर्न भन्दा पनि देखावटी प्रतिनिधित्व गराउन उत्साही देखिन्छन् । दलितले खोजेको अर्थपूर्ण प्रतिनिधित्वअनुरूप छैन । यसरी पार्टीभित्रै दलित नेतृत्वलाई स्थापित हुन नदिने वातावरण बनिरहेको छ, यो दलित नेतृत्वको चुनौतीको रूपमा खडा छ ।

## निष्कर्ष

राज्यले दलितमाथि गरेको विभेद र बहिष्करणका कारण यो समुदाय समाजको सबैभन्दा तल्लो पिँधमा पारिएको छ । त्यसैले पार्टीमा संलग्न भएका दलित समुदायले पार्टीलाई आवश्यक समय र स्रोत दिन सक्दैनन् । यसको साथै निर्वाचन अति खर्चिलो हुन थालेका छन् । यस्तो अवस्थामा आर्थिक अभावकै कारण दलित समुदाय निर्वाचनमा सहभागी हुन अग्रसर हुन नसकेको देखिन्छ । यसका साथै दलित नेतृत्वलाई पार्टीमा मुख्य जिम्मेवारी नदिइने भएका कारण उनीहरूलाई भातृ संगठनमा मात्रै सीमित गरिन्छ । यस्ता सीमितताका कारण दलित नेतृत्वको पार्टीभित्रको सम्बन्ध खुम्चिन पुगेको छ भने जनसम्पर्क सुदृढ हुन सकेको छैन ।

leadership development, strategy and action, enabling the Dalit community to rise up within the party system. Pushing ahead for changes within the party and state system will bring forward the issues of the Dalit community. However, for now at least, the struggle for equality continues.





यसैगरी यस्तो परिपाटीले उनीहरूको नेतृत्व विकासमा समेत नकारात्मक प्रभाव परिरहेको छ । यिनै कारणले गर्दा अहिले पनि दलित नेतृत्वलाई पार्टीको नेतृत्वमा पुग्न निकै कठिन छ भने नेतृत्वमा पुगेकालाई पनि कार्यसम्पादन गर्न सहज वातावरण छैन ।

दलित समुदायको अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चतताका लागि राज्यका सबै संरचनाले समावेशीताको प्रभावकारी अभ्यास गरिनुपर्छ । यसका साथै छुवाछूतलगायत सबै प्रकारका विभेदको अन्त्य गरिनुपर्छ । दलित समुदायका सरोकारको सम्बोधन गर्न र समुदायको मुक्तिको लागि राजनीतिक पार्टीले स्पष्ट नीति, रणनीति र कार्यक्रम तय गर्नुपर्छ । विशेषगरी राजनीतिक पार्टीमा दलितको अर्थपूर्ण सहभागिता सुनिश्चितता गर्नको लागि पार्टीसम्बन्धी कानुनी व्यवस्थाको पनि संशोधन गर्न आवश्यक छ । पार्टीहरूले संविधानमा उल्लेख गरिएको समानुपातिक प्रतिनिधित्वको व्यवस्था पूर्णरूपमा कार्यान्वयन गरिनुपर्छ । यसैगरी दलितको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नको लागि पार्टीहरूले आफ्नो विधान र नीतिगत व्यवस्थाकै आवश्यक संशोधन गरिनुपर्छ । अन्त्यमा, पार्टीहरूले दलित समुदायको नेतृत्व क्षमताको विकास गर्नको लागि तालिम सञ्चालन गर्ने र स्थानीय तहमा उनीहरूलाई नेतृत्वदायी भूमिका प्रदान गरिनुपर्छ ।

ऐतिहासिकरूपमा दलित समुदायको आर्थिक अवस्था निकै कमजोर भएका कारण राजनीतिक पार्टीहरूले सबैभन्दा पहिले यो समुदायको आर्थिक व्यवस्थापनसँग सम्बन्धित नीतिको व्यवस्था गर्नुपर्छ । त्यसपछि मात्र उनीहरूलाई राष्ट्रिय स्तरका जिम्मेवारी दिइनुपर्छ । यसैगरी दलित समुदायलाई कोटा प्रणालीमार्फत अधिकार दिने संवैधानिक व्यवस्थाअनुसार पार्टी संगठन, दलित समसदायका सांसद र पार्टीका नेताबीच निरन्तर संवाद हुनु आवश्यक छ । पार्टीले पनि दलितको नेतृत्व विकास, रणनीति र कार्य योजनाका लागि अनुकुल वातावरणको सिर्जना गर्नुपर्छ । पार्टी र राज्य व्यवस्थामा यस्तो परिवर्तन देखिँदै जाँदा दलित समुदायको सवाल पनि अगाडि बढिरहने छ । अहिले पनि कम्तीमा समानताको संघर्षलाई निरन्तरता दिइरहनु पर्छ ।

# लेखकहरु



## परशुराम रम्तेल

परशुराम रम्तेल नेकपा (माओवादी-केन्द्र)का केन्द्रिय सदस्य हुनुहुन्छ । लामो समय दलित मुक्ति मोर्चाको महासचिवको भूमिका निर्वाह गर्नु भएको रम्तेल २०६३ मा अन्तरिम व्यवस्थापिका-संसदको सदस्य र २०६४ को संविधानसभा सभासद् हुनुहुन्थ्यो ।



## मीन विश्वकर्मा

मीन विश्वकर्मा संघीय प्रतिनिधिसभा सदस्यका साथै नेपाली कांग्रेस पार्टीको केन्द्रिय समिति सदस्य हुनुहुन्छ । लामो समय नेपाल दलित संघको अध्यक्षको जिम्मेवारी सम्हाल्नु भएका विश्वकर्मा संविधानसभा सदस्य र नेपाल सरकारको वाणिज्य मन्त्रीको भूमिकामा पनि हुनुहुन्थ्यो ।



## गौरा नेपाली

गौरा नेपाली दलित महिला अधिकारका क्षेत्रमा क्रियाशील अधिकारकर्मी हुनुहुन्छ । दलित महिला केन्द्र, नेपालको संस्थापक अध्यक्ष गौरा बिगत दुई दशकदेखि दलित, महिला र सिमान्तीकृत समुदायको अधिकारका क्षेत्रमा क्रियाशील हुनुहुन्छ ।



## सोना खटिक

सोना खटिक रेडियो पत्रकार हुनुहुन्छ । लामो समय रेडियो कपिलवस्तुको स्टेशन म्यानेजरको जिम्मेवारीमा क्रियाशील सोना अहिले दलित र महिलाको अधिकारका क्षेत्रमा क्रियाशील हुनुहुन्छ ।



## सुशिल विके

सुशिल विके अधिकारकर्मी, अध्येता र लेखक हुनुहुन्छ । उहाँ बिगत दुई दशकदेखि सामाजिक न्याय, सामाजिक समावेशीकरण, दलित र महिला अधिकारका क्षेत्रमा क्रियाशील विके नेपल बुद्धिजीवी परिषद्को उप-महासचिवका साथै दलित मानवअधिकार संगठनको पनि अध्यक्ष हुनुहुन्छ ।